# प्रदेश सभा
## गण्डकी प्रदेश
## नवौं अधिवेशन(चौथौ बैठक)
## कार्यवाहीको सम्पूर्ण विवरण
## मितिः- २०७८/१२/०८

प्रदेश सभा, गण्डकी प्रदेशको नवौं अधिवेशनको आजको बैठकको कार्यवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीको अध्यक्षतामा .....बजेर .... मिनेटमा प्रारम्भ भयो।

**माननीय सभामुखः** माननीय सदस्यहरु, आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ।माननीय सदस्यहरु सर्वप्रथम शून्य समय प्रारम्भ हुन्छ।शून्य समयमा बोल्न चाहानु हुने माननीय सदस्यहरुको लागी १ मिनटको समय निर्धारण गरेको छु।निर्धारीत समय भित्र  माननीय सदस्यहरुले आ-आफ्नो भनाई राख्नुहुन अनुरोध गर्दछु।सर्वप्रथम माननीय सदस्य श्री नरदेबी पून मगर।

**माननीय सदस्य श्री नरदेवी पून मगर**

माननीय सभामुख ज्यू, देश विकासको पहिलो शर्त मानविय विकास हो भन्ने विषयमा दुई मत छैन।हामीले मानविय विकासमा ध्यान दिन सकेनौं भने राष्ट्र विकासमा दुरगामी असर पार्छ र इमान्दार दक्ष राष्ट्र प्रेमी स्वस्थ्य र अनुशासित जनशक्तिको अभावमा देश विकास चाहे जस्तो गरी फड्को मार्न सक्तैन। अघिल्लो सरकारले सडक वालवालिका व्यवस्थापन गर्यौं र नमूना आवसीय विद्यालयको निर्माण र उक्त आवासमा रहने विद्यार्थीहरुको लागि भोजनमा बजेटको व्यवस्था गर्यौं गरेको थियो तर पछिल्लो सरकारले भवन निर्माणमा जम्मा दश,दश लाख र भोजनको लागि पाँच वटा आवसिय विद्यालयहरु मध्ये एउटा बिद्यालय प्रभात किरण मा.वि.धार्चेलाई व्राह लाख र चारवटा विद्यालयलाई जिरो बजेटको व्यवस्था गरेको छ।म्याग्दी जिल्लाको हेम मा.वि सिवाङमा वावा आमा दुवै नभएका,आमा भएका बाबा नभएका,बाबा भएका आमा नभएका र अति गरिव र जोखिममा रहेका २७

जना बालबालिकाले अध्ययन गरेका छन र ति २७ जना वालवालिका मध्ये एक जना पहिलो र तिनजना दोस्रो र तिनजना तेस्रो स्थान ओगट्न अहिले सफल भएका छन। हिजो उनीहरु खाने खर्चको अभावमा बस्ने वासको अभावमा गाँउभरी भौतारिएर हिड्ने गरेका थिए। उनीहरुले कसैको घरमा काम गर्न पाए भने खान खाने र नपाए भोकै पाखा जंगल भरी हिड्ने गरेका थिए। तर आज उनिहरुको जीवनमा उनीहरुले जुन आफ्नो कक्षामा राम्रो बिद्यार्थीको रुपमा आँफुलाई स्थापित गर्न सफल भएका छन र आज उनीहरुले हिजो देख्ने सपना र आज देख्ने सपना फरक भएको छ। जीवन फरक ढंगबाट जीउन शुरु गरेका छन। त्यसैले त्यस्तो विद्यालयहरुलाई भोजनको व्यवस्था भोजनको लागि बजेटको व्यवस्था गर्नको निम्ती म प्रदेश सरकारलाई अनुरोध गर्न चाहान्छु। धन्यबाद।

## माननीय सभामुखः

माननीय सदस्य श्री मिना गुरुङ,कास्की।

## माननीय सदस्य श्री मिना गुरुङ्, कास्की

माननीय सभामुख ज्यू,यति वेला वडानं २५ मसिनावगर,सहृसधारा घाटमा एक सय पचास घरमा मजदुरहरु वसोवास गर्छन ति मजदुरहरुको अवस्था अहिले चुलो बाल्न नपाएर ज्यादै नी कठिन अवस्थामा पुगेको छ र चार पाँच महिना भैसक्यो ति मजदुरहरुले जुन त्यो धारा सहृसधारा घाटबाट जम्मा गरेको वालुवा बेच्न पाएको छैन जसको कारणले गर्दा उनीहरु अहिले असाध्यै समस्यामा परिरहेको छ। यो घटना घट्नुको खास कारण स्थानीय निवासी रामचन्द्र थापाको त्यो जग्गा रहेको भन्ने जुन घाट छ त्यसमा अहिले महानगरले टेण्डर खोलिदिएको छ र दुवै जनाको यो झगडामा हाम्रा मजदुरहरुले उठाएर राखेको त्यो वालुवा बेच्न नपाँउदा उनीहरु ज्यादै नै मर्कामा परेको हुँदा यसलाई महानगरमा धेरै चोटि सुनुवाई गरियोस भनेर जाँदा पनि त्यसमा सुनुवाई नभएको जिकिर भैरहेको छ। त्यसैले आजको हाम्रो यो गरिमामय सभाबाट सभामुख ज्यू मार्फत म सरकारको ध्यान केन्द्रित गर्छु। एकसय

पचास जना मजदुरहरु अहिले भोकै हुने समस्यामा पुगेको छ।यता तिर सबैको ध्यान जाओस। हवस त धन्यबाद।

**माननीय सभामुखः**

माननीय सदस्य श्री विनोद के.सी.,म्याग्दी।

**माननीय सदस्य श्री विनोद के.सी.,म्याग्दी**

सभामुख महोदय,मैले यस सदनमा सरकारको विशेष गरी ध्यान गराउन चाहान्छु की यो भर्खरै यो युक्रेन र रसियाको युद्धको कारण देखाएर नेपालमा पेट्रोलियम पदार्थमा भएको जुन मूल्यबृद्धिका कारण अहिले हाम्रा सम्पूर्ण क्षेत्रमा भएको महङ्गाइ बृद्धिले जुन अवस्था छ।यसले वास्तवमा जनताहरुको हरेक दैनिकीमा धेरै असहज पुगेको छ।चाहे निर्माणको क्षेत्रमा भन्नुहोस चाहे खाद्यान्नको क्षेत्रमा भन्नुहोस चाहे बैंङ्कका व्यवसायका व्याजका क्षेत्रमा भन्नुहोस हरेक क्षेत्रमा अहिले जनताको स्थिती दैनिकी कमजोर बन्दै गएको छ।यस्तो अवस्थामा विशेष गरी हाम्रो यो यस प्रदेशमा रहेको प्रदेश सरकारले महङ्गीलाइ नियन्त्रण गर्ने गरी जनतालाइ हरेक क्षेत्रमा सहजीकरण गर्नलाई महङ्गी नियन्त्रणलाई एउटा विशेष प्याकेज वनाओस र प्रदेश सरकार छ, यसले आफ्नो तरिकाले काम गर्छ भन्ने भरोसा दिलाओस भन्ने म ध्यानाकर्षण गराउँछु, धन्यबाद।

## माननीय सभामुख

माननीय सदस्यहरु, शून्य समयमा बोल्ने माननीय सदस्यहरुको क्रम यहि समाप्त हुन्छ।माननीय सदस्यहरु अब विशेष समय प्रारम्भ हून्छ।निर्धारीत समय भित्र माननीय सदस्यहरुले आ-आफ्नो स्थानबाट आफ्नो भनाई राख्नु हुन अनुरोध गर्दछु। सर्वप्रथम माननीय सदस्य श्री मन बहादुर गुरुङ, कास्की समय ७ मिनट।

## माननीय सदस्य श्री मन बहादुर गुरुङ

सभामुख महोदय, सभामुख महोदय मार्फत मैले यो सरकारलाई अघिल्लो दश महिना अगाडीको घट्नालाई स्मरण गर्न चाहे। असाढ १ गते अविरल बर्षाको

कारण जुन मादी १ मा ठूलो क्षति पूर्याएको थियो। आज त्यो क्षतिले जाँउदी देखि सोधा सम्मको बाटो र ठूलो हाइड्रो पावरहरु लघु जलबिद्युतहरु क्षतिग्रस्त बनाएको थियो। पटक पटक सरकारको ध्यानाकर्षण गराएको छ। यो भन्दा अगाडी पनि र फेरी पनि म सरकारको ध्यानाकर्षण गर्न चाहान्छु। एक सय सत्र किलोवाट लघु जलविद्युत बाढीले बगाए पछि आज त्यहाँको जनता ६५० घर एउटै मिटर वक्सबाट वत्ति बाल्ने काम भैराखेको छ। पटक पटक सरकारको ध्यानाकर्षण गरेको छ की सरकारले कमसेकम त्यो जनतालाई एउटा मिटर बक्स वा तार वोयरिङ तारहरु व्यवस्था गरिदिनुहोस भनेर भन्दा पनि सरकारले पटक पटक हुन्छ भन्या छ तर अहिले सम्म व्यवस्था गरेको छैन। त्यस हुनाले म पुन सरकारको ध्यानाकर्षण गर्न चाहान्छु। अर्को कुरा अब बर्खा आईसकेको छ। दुई तिन महिना पछि फेरी बाढी शुरु हुने हुन्छ, हुन्छ नै। तर अहिले सम्म त्यो बाटोमा एक पैसा रकम विनीयोजन गरिएको छैन। त्यसकारणले के हो यो सरकारको कुरा अब जाँदा हुन्छ भन्छ र अव यो बेलामा गरिएन भने कहिले गर्ने अर्को कुरा जुन एक निर्वाचन क्षेत्र एक पर्यटकिय गन्तव्य भनेर हामीले म यो सदनबाट यो पोका पोकी त भन्दैन तर कमसेकम कास्कीको पर्यटकिय गाँउ भनेको घान्द्रुक, ल्वाङ, सिकलेस, धम्पुस यो पर्यटकिय गन्तव्यमा पर्न नसक्नुको कारण के हो? वा एक पैसा पनि विनीयोजन नहुनुको कारण के हो? यो कसरी गन्तव्य स्थान छनौट गरिएको छ। कमसेकम अलिअलि सरसल्लाह, परामर्श लिइदिए राम्रो हुन्थ्यो। सरकार कसरी गैराखेको छ भन्ने कुरा पनि थाहा भएन त्यसकारणले मैले देखेको छु। एउटै शिर्षकमा नौ नौ करोड पैसा छ। त्यो पैसा सरकारले मात्र खर्च गर्ने हो कि कमसेकम त्यो पर्यटकिय क्षेत्रमा पनि अलि अलि हाल्ने हो। यसमा म सरकारको ध्यानाकर्षण गर्न चाहान्छु। अर्को कुरा निर्वाचन पूर्वाधार जुन योजना करिव करिव सक्किइ सकेको पनि छ। यो चाँडो अनुगमन गरेर कमसेकम पैसा सक्ने योजनाहरुको पैसा निकासा गर्न पाए राम्रो हुन्थ्यो भन्ने सरकारको ध्यानाकर्षण गर्न चाहान्छु। अर्को कुरा यो काँहु खोला देखि सिकलेसको बाटो पहिलो प्रदेश

सरकारको योजना थियो। कमसेकम त्यहाँ अहिले पिच गर्ने तयारीमा छ। तर भिउ गर्नुपर्ने एउटा देखिएको हुनाले यो भिउ अलि चाँडो गर्दिए हुन्थ्यो कि हुदैन, गर्दैन, सक्दैन भन्नु पर्छ हैन भने कमसेकम त्यो भिउ चाँडै गरिसक्यो भने त्यसपछाडी त्यो पिच गर्नुपर्ने हुन्छ। यदी पिच गरिसकेपछी भिउ गरियो भने त्यहाँ डोजरहरु हिडाउनु पर्ने हुन्छ। सरकारको पैसा खर्च हुन्छ फेरी सरकार सँगै हो घचघचाउने त्यति मात्रै हैन जुन सिकलेसको काँहुखोला देखि सिकलेसको बाटो दोस्रो खण्ड त्यो अहिलेसम्म टेण्डर कहाँनेर रोकियो कि टेण्डर छोडनु पर्ने हो। खुला गर्नुपर्ने हो। त्यसको बारेमा अहिलेसम्म कुनै वास्ता वेवास्ता भए जस्तो छ। त्यसहुनाले म सरकारको ध्यानाकर्षण गर्न चाहान्छु। सभामुख महोदय,अर्को कुरा जुन यो अघिनै पनि कुरा उठिसकेको छ। यो बजारमा मूल्यबृद्धि महङ्गी चरम छ हेर्नुहोस। यो सरकार छ छैन भन्ने अत्तोपत्तो छैन। सदनमा आँउदा खेरी सरकार छ होला भन्ने लाग्छ तर बजार मूल्यबृद्धिले चपेटामा परेको छ,जनता महङ्गीको भारमा परेको छ। त्यसहुनाले सरकारको ध्यान आकर्षण गर्न चाहान्छु सभामुख मार्फत छिटो भन्दा छिटो यो महङ्गी नियन्त्रण गर्ने कुरामा सरकार लाग्ने छ र सरकारलाई सहयोग गर्ने प्रतिवद्धताका साथ आफ्नो भनाई अन्त्य गर्दछु। धन्यबाद।

## माननीय सभामुख

माननीय सदस्य श्री पियारी थापा,समय पाँच मिनट।

## माननीय सदस्य श्री पियारी थापा

माननीय सभामुख महोदय, जनता यतिखेर अत्यन्तै ठूलो मूल्यबृद्धि र कालाबजारीको मारमा परिरहेका छन भने जिम्मेवार निकायहरु तिनै तहका जिम्मेवार निकायहरु अहिले तैं चुप मै चुप अवस्थामा रहेको छ। अर्को तर्फ संसदलाई एउटा संसदमा जनताका आवाजहरु बुलन्द गर्ने संसदलाई अबरुद्ध गरेर केन्द्रिय सरकारमा जुन खालको वितण्डा प्रमुख प्रतिपक्ष दलबाट भैरहेको छ। त्यो जनताहरु माथीको कुठाराघात हो। त्यसकारणले गर्दा खेरी त्यो बिषयहरु पनि अहिले महत्वपुर्ण रुपमा उठेको छ। अहिले जुन प्रकारले राजनैतिक रुपमा ठूला दलका नेताहरु अहिले यो

जनताको महङ्गीको बिषयमा समस्याहरु समाधान गर्ने तर्फ भन्दा पनि राष्ट्रियताको सवालमा समस्या समाधान गर्ने तर्फ भन्दा पनि अर्को बिभीन्न प्रकारले कसरी सत्तामा जाने अथवा सत्तामा कसरी टिक्ने अथवा सत्ता सम्म कसरी पुग्ने भन्ने बिषयहरु मात्रै अहिले त्यो खालको भडासहरु पोख्ने र जनताहरु विच कार्यकर्ताहरुमा गएर एक खालको कचिङ्गल पोख्दै एक खालको सहानुभुति बटुल्ने खालको कृयाकलापहरु बढ्दै गइरहेको छ।यो अत्यन्तै शर्मनाक स्थिती हो।जनताहरु अहिले यस्तो चरम मारमा परिरहेको अवस्थामा जुन खालको गतिविधी ठूला शिर्ष दलका नेताहरुबाट जुन शिर्ष नेताहरुबाट गरिएको अपेक्षा हो त्यो लज्जास्पद अपेक्षा छ। त्यसकारणले गर्दा ति विषयहरुमा पनि अहिले सरकारको ध्यान पुग्न जरुरी छ।प्रतिपक्ष दलको पनि ध्यान पुग्न जरुरी छ।अहिले नेपालको संविधानको भाग ३ को धारा ३६ र धारा ४४मा खाद्य सम्वन्धि हक र उपभोक्तालाई गुणस्तरिय बस्तु तथा सेवा प्राप्त गर्ने हकको सुनिश्चित गरिएको छ तर व्यवहारत यसो हुन सकेको छैन आज बजारमा बढेको अचाक्ली मूल्यबृद्धिको कारण आम सर्वसाधरण मजदुर किसान वर्ग अत्यन्तै ठूलो मर्कामा परेका छन।सभामुख महोदय गत वर्षको तुलनामा २८.५२ प्रतिशतले मूल्यबृद्धि भएको छ। अहिले बजारमा मूल्यबृद्धि ७.११ प्रतिशतले बृद्धि भएको छ।दाल तथा गेडागुडीमा ११.७९ प्रतिशत सार्वजनिक यातायातमा १६.२५ प्रतिशत अहिले फेरी ११ प्रतिशत बढाउने कुराहरु पनि छ।दुधको मूल्य प्रतिलिटरमा १० रुपैयाको दरले बढेको छ।निर्माण सामाग्रीमा १६ प्रतिशतले बढेको छ र छडीमा ३३ प्रतिशतले बढेको कुरा छ।खाने तेलको मूल्य भन्ने हो भने सत प्रतिशतले बढेको छ।तरकारीको मूल्य १४.६ प्रतिशतले बढेको छ र यस्तो अवस्थामा मैले तिनै तहको सरकार मार्फत म के प्रश्न गर्न चाहान्छु भने यो देशमा गरिवले बाँच्न पाउने अधिकार हुने कि नहुने? गरिव जनताले यो देशमा बाँच्न पाउने कि नपाउने? के यो देश हुने खाने वर्गको मात्रै हो? यदी यसो होइन भने गरिव उत्पीडन शोषित मैत्री उपभोक्ता हित संरक्षण गर्ने गरी खै कार्यक्रम ल्याएको जनताले ठूलो विकास

होइन यो देशमा प्रत्येक नागरिकले खाद्य संप्रभुताको प्रत्याभुति चाहेका छन। त्यसकारण बजारमूल्य नियन्त्रण गरी प्रत्येक नागरिकले पाउने शुलभ खाद्य सामग्रीको व्यवस्था गर्न प्रेदेश उपभोक्ता संरक्षण ऐन ल्याउनको निमीत्त मैले सरकारलाइ जोडदार माग गर्न चाहान्छु र जनताका समस्याहरु प्रति सवै तिनै तहलाई जनताका समस्याहरु प्रति एउटा एकाग्र भएर जनताका समस्याहरुलाइ आत्मसाथ गर्दै जनताका समस्याहरु समाधान गर्ने तर्फ उन्मुख हुन मैले तिनै तहको सरकारलाइ आजको सदन मार्फत बिशेष जोडदार माग गर्न चाहन्छु। धन्यवाद।

## माननीय सभामुख

माननीय सदस्यहरु बिशेष समयमा बोल्ने माननीय सदस्यहरुको क्रम यहि समाप्त हुन्छ। माननीय सदस्यहरु अव म मिति २०७७ असाढ २३ गते प्रदेश सभाको बैठकबाट गठन भएको गण्डकी प्रदेश प्रदेश सभा नियमावली संसोधन मस्यौदा समितिको कार्य अवधी समाप्त भएको हुँदा सो समितिको कार्य अवधी २०७८ चैत्र मसान्त सम्म थप गर्नको लागि समितिबाट अनुरोध भै आएको हुँदा सो समितिको कार्य अवधी २०७८ साल चैत्र मसान्त सम्म थप गर्नका लागि सभा समक्ष प्रस्ताव प्रस्तुत गर्दछु। माननीय सदस्यहरु प्रस्तुत प्रस्तावलाइ समर्थन जनाईदिनु हुन अनुरोध गर्दछु। माननीय सदस्यहरु, अव माननीय पर्यटन,उद्योग,वाणिज्य,वातावरण तथा आपुर्ति मन्त्री श्री मणिभद्र शर्मालाइ विभिन्न मितिका सभाका बैठकमा माननीय सदस्यहरुले शून्य समय र बिशेष समयमा उठाउनु भएका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु।

**माननीय पर्यटन,उद्योग,वाणीज्य,वातावरण तथा आपुर्ति मन्त्री श्री मणिभद्र शर्मा-** पर्यटन,उद्योग,वाणिज्य तथा आपुर्ति मन्त्रालय सँग सम्वन्धित उठेका जिज्ञासाहरु विशेष गरेर औद्योगिक ग्रामका लागि यो आर्थिक बर्षमा छुट्टिएको एक करोड पचास लाख पैसा रकम कसरी विनीयोजन भयो भन्ने जिज्ञासामा दश वटा औद्योगिक ग्रामहरुलाई पन्ध्र लाखका दरले विनीयोजन भएको छ र त्यो कामका प्रकृयाहरु अगाडी बढीरहेका छन। त्यस्तै गरेर लोकाहा खोला औद्योगिक क्षेत्रको

बारेमा जिज्ञासा राखु भएकोमा लोकाहा खोलामा दुइ बर्ष अगाडी प्रस्ताव भएको र संघीय सरकारबाट यकिन गरी क्षेत्रफल कति के कस्तो अवस्था छ जग्गाको विवरण त्यहाँको वनको सहमति स्थानिय समुदायको सहमति सहितको पत्र माग गरिएको रहेछ र त्यो काम केहि पनि पटक्क अगाडी नबढेको रहेछ र गत भाद्र महिनामा म आँफू त्यहाँ गए र त्यहाँको दुइटा नगरपालिकाका मेयरहरु, सम्वन्धित वार्डका निर्वाचित जनप्रतिनिधीहरु,सर्वदलिय संयन्त्र,नागरिक समाजको संयुक्त भेला राखेर यो प्रजेक्टलाइ अगाडी बढाउने भन्ने एउटा सहमति बनाएर म फर्के त्यसपछि पनि त्यहाँ अलिकति वन र नापीबाट सहज रुपमा काम नबढेको भएपछी फेरी हाम्रो मन्त्रालयको महाशाखाको प्रमुख सहितको टिम पौष महिनामा जानु भयो र त्यसपछी पनि गति नबढेपछी फेरी फागुनमा म आँफै गएर अहिले त्यहाँ काम शुरु भएको छ।त्यो जग्गालाइ यकिन गर्ने काम शुरु भैराखेको छ र त्यस्तै गरेर अर्को औद्योगिक क्षेत्र हाम्रो यो पुलिङटार कास्की जिल्लाको ३३ नं वडा र शुक्लागण्डकीको वार्ड मलाइ यकिन भएन त्यो पुलिङटार क्षेत्रका जग्गामा हामी स्थलगत भ्रमण गर्यौं दुवै जिल्लाका जिल्ला समन्वयका प्रमुखहरु,सम्वन्धित मेयरहरु त्यो वार्डका सवै प्रतिनिधिहरु र दुवै सिडीयोहरु मालपोतका हाकिम नापी वन सवै प्रकृया पुर्याएर हामी त्यहाँ भिजीट गर्यौं।यहाँ पनि कानूनी प्रकृयामा वन र नापीले अप्ठायारो मानेको कारणले अहिले धेरै पटकको मिटीङ पछि तिन चार पटक मिटीङ बसिसकेपछि त्यहाँ पनि त्यो नाप जाँच गरेर एउटा फाइल बनाएर यहाँ पठाउने प्रकृया शुरु भएको छ।कास्कीमा अलि अगाडी बढेको छ तनँहुमा अझै अलिकति ढिलो ढिलो भैराखेको छ र निरन्तर हामी फ्लो अफमा छौं र मलाई लाग्छ त्यो छिटै आउछ र हामीले यहाँ गण्डकी प्रदेश सरकारको क्याविनेटबाट अनि संघीय सरकारमा माग गरि पठाउने प्रकृयामा छौं र मलाइ लाग्छ यो छिटो भन्दा छिटो यो पुरा हुन्छ र त्यसपछि हाम्रो पर्यटन मन्त्रालयबाट जुन नौ करोड पर्यटन गन्तव्यको लागि छुट्टिएका पैसाका प्रश्नमा पनि यहाँ जिज्ञासा रहे र यसका बारेमा पर्यटन गन्तव्यका लागि लागिने पैसा यकिन गरेर छुट्टाइएको छ अब

माननीय ज्यूहरुका रुचिका ठाँउहरु पनि महत्वपुर्ण हुन सक्छन तर अहिले छुट्टिएका ठाँउहरु निकै महत्वपुर्ण छन र ति महत्वपूर्ण ठाँउमा पैसा विनीयोजन भैसकेको छ र काम पनि शुरु भैसकेको छ। धन्यबाद।

## माननीय सभामुख

माननीय सदस्यहरु,अब म माननीय उर्जा, जलश्रोत तथा खानेपानी मन्त्री श्री हरिशरण आचार्यलाई गण्डकी प्रदेशको सिंचाई सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक माथी विचार गरियोस भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु।

## माननीय उर्जा, जलश्रोत तथा खानेपानी मन्त्री श्री हरिशरण आचार्य

माननीय सभामुख ज्यू,माननीय सभामुख ज्यूको अनुमतिले सम्मानित सभामा २०७८ साल चैत्र ७ गते प्रस्तुत भएको गण्डकी प्रदेशको सिंचाई सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभा नियमावली २०७४ को नियम १०७ को उपनियम १ बमोजिम बिधेयक माथी बिचार गरियोस भन्ने प्रस्ताव प्रस्तुत गर्दछु।२०७८/१२/०८ हरिशरण आचार्य,उर्जा जलश्रोत तथा खानेपानी मन्त्री।

## माननीय सभामुख

अब म उक्त प्रस्तावलाई बिचार गरियोस भनी निर्णायार्थ प्रस्तुत गर्दछु।यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला।यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले हुन्छ भन्नुहोस,यसको विपक्षमा हुने माननीय सदस्यले हुन्न भन्नुहोस।हुन्न भन्ने आवाज सुनिएन तसर्थ विधेयक माथी विचार गरियोस भन्ने प्रस्ताव सर्वसम्मतिले स्विकृति भएको घोषणा गर्दछु।माननीय सदस्यहरु अव गण्डकी प्रदेशको सिंचाई सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक माथीको सामान्य छलफल प्रारम्भ हुन्छ। यस छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा अनुरोध गर्दछु।छलफलमा भाग लिनु हुने माननीय सदस्यहरुको लागि १० मिनटको समय निर्धारण गरेको छु।निर्धारित समय भित्र माननीय सदस्यहरुले आ-आफ्नो भनाई राख्नु हुन अनुरोध गर्दछु।सर्वप्रथम माननीय सदस्य श्री राजिव पहारीलाई छलफलमा भाग लिन समय दिन्छु।

## माननीय सदस्य श्री राजिव पहारी

माननीय सभामुख महोदय, हिजो यो गण्डकी प्रदेश सभामा यो सम्मानित सभामा माननीय गण्डकी प्रदेशका माननीय जलश्रोत,उर्जा तथा खानेपानी मन्त्री माननीय हरिशरण आचार्यले गण्डकी प्रदेशमा सिंचाई सम्वन्धि व्यवस्था गर्न बनेको विधेयक टेबुल गर्नु भयो र यो बिधेयक नेपालको संविधानको अनूसूचि ६ को क्रम संख्या ७मा प्रदेश स्तरको सिंचाई विषय प्रदेशको एकल अधिकार सूचिमा रहेको छ। प्रदेशको एकल अधिकार क्षेत्रमा रहेको विषयमा प्रदेश सभाले कानून बनाउन सक्ने अवस्था त्यो उल्लेख छ र यो विधेयकको उद्देश्य र कारणमा नै खासगरी जलश्रोतको दिगो उपयोगबाट सिंचाई योग्य जमिनमा बर्षैं भरी भरपर्दो पहुँच योग्य र जनसहाभागिता मुलक सिंचाई सुविधाको विकास विस्तार गर्दैं कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि एवंम सिंचाई प्रणालीको निर्माण, मर्मत, सम्भार र संचालनको व्यवस्थापन गर्न तथा जलउत्पन्न प्रकोप व्यवस्थापन गर्न बान्छाँनिय भएकोले यो गण्डकी प्रदेशको सिंचाई सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७८ मस्यौदा गरिएको छ भनेर यसको उद्देश्य र कारणमा त्यो खुलाइएको छ र यो विधेयकको परिच्छेद १ देखि १३ सम्म प्रारम्भिक देखि अनुगमन मूल्याङ्कन सम्म विभीन्न शिर्षकमा यसका सवै कुराहरु उल्लेख गरिएको छ।यो विधेयक आउनु आँफैमा स्वागत योग्य कुरा हो।तर सभामुख महोदय, हामीले हिजो स्कुल पढ्दा खेरी नेपाल भनेको कृषि प्रधान देश हो नब्बे प्रतिशत भन्दा बढी जनता चाँही कृषिमा आश्रित छन भनेर भन्ने गर्थ्यौं, सून्ने गर्थ्यौं, पढने गर्थ्यौं।पछि साठी प्रतिशत भन्दा बढी जनता कृषि क्षेत्रमा आश्रित छन भनेर भन्ने गरिएको थियो र अब अहिलेको यो तथ्याङ्क यसो अहिले बिहान हेर्दा तथ्याङ्क केलाएर हेर्दाखेरी अहिले हाम्रो देशमा यति धेरै कुरामा परनिर्भरता वढेको छ।अरु कुराको परनिर्भरताको कुरा छोडदिनुहोस कृषि जन्य बस्तुहरुमा पनि यति धेरै परनिर्भरता बढेको छ की बार्षिक रुपमा दुई अर्व भन्दा बढीको धान नेपालले आयत गर्छ।आठ महिनामा मात्रै नेपालको व्यापार घाटा साढे एघार अर्व भन्दा बढी नाघेको अवस्था छ र यो पाँच बर्षमा मात्र एक खर्व विस अर्वको चामल हामीले नेपालमा आयत गरेका छौं।मैले यो पाँच बर्षको

आँकडा निकाल्दा ०७३/७४ मा हामीले जति आयत गर्थ्यौं नेपालले ०७६/७७ मा त्यो तिन गुणा भन्दा बढी बढेको छ। मैले यसको सवै तथ्याङ्क ल्याएको छु। यो धानमा मात्र छैन यो दालमा त्यस्तै छ। अन्य चिजहरुमा सवैमा यो आयत छ। यसको अनुपातमा निर्यात खास गरी कृषि जन्य सामग्रीहरुमा निर्यात अत्यन्त सामान्य हिसाबको छ अर्थात मैले यहाँ निवेदन गर्न खोजेको कुरा के हो भने हामी क्रमश नेपाल कृषि जन्य सामग्रीमा पनि करिव सत प्रतिशत हामी परनिर्भर भएको अवस्था छ। जवसम्म हामीले कृषि जन्य कुराहरुमा आत्म निर्भर हुन सक्तैनौं। त्यो परनिर्भरतालाई अन्त्य गर्न सक्तैनौं तवसम्म हामीले सोचे जस्तो मूलूक बनाउन सक्तैनौं। आज हरेक कुरा सानो भन्दा सानो कुरा पनि अर्को देशको मुख ताक्नु पर्ने र हाम्रो नेपाली रकम सवै विदेश गैरहेको अवस्था छ। त्यसो भएर यो परनिर्भरतालाई अन्त्य गरेर आत्मनिर्भरतालाई वढावा दिनको निम्ती हामीले हाम्रो उत्पादन र उत्पादकत्व वृद्धि गर्नुपर्नेछ। अहिले हाम्रो समस्या के रहेको छ भने अहिले खेतियोग्य जमिनहरु जहाँ उर्भर खालका जमिनहरु जहाँ उत्पादन गर्न सकिने जमिनहरु जम्मै खण्डीकरण भएका छन। यता शहर बजारका कुरा छोडौं गाँउ वस्तीमा पनि व्यापक रुपमा प्लटिङ भएको छ। तपाई हामीले यहि पोखरा महानगरपालिका भित्र पनि देख्न सक्छौ हिजो कुंडहर फाँट खेतियोग्य जमिनको रुपमा चिनीएको ठाँउ थियो अर्को यता बिरौटा फाँट त्यस्तै थियो फेवा फाँट त्यस्तै थियो। आज ति सवै ठाँउहरुमा प्लटिङ भएर ति सवै घडेरी भएका छन। पोखराको मात्र हैन गण्डकी प्रदेश भित्रका ११ वटै जिल्लाका गाँउवस्तिहरुको अवस्था पनि यो छ त्यसो भएर हामीले यो जुन विधेयकमा धेरै कुराहरु त आए हामीले जुन जग्गा जसरी खण्डीकरण भएको छ त्यसको निम्ति खेतियोग्य उर्वर जमिन संरक्षणको निम्ती पनि केही महत्वपूर्ण कुराहरु यो विधेयकमा  समेटिएर आउनु पर्छ भन्ने लाग्छ यसको निम्ती जस्तै हामीले जग्गाको वर्गिकरणको कुराहरु छन। आवास क्षेत्र भनेर हामीले छुट्टायउन सक्छौं व्यावसायिक क्षेत्र भनेर छुट्टायउन सक्छौं खेतियोग्य जमिन भनेर छुटयाउन सक्छौं नत्र भोली स्थिति के हुन्छ भने

जस्तै अहिले हामीले पोखरामा देख्छौनी हिजो सिंचाइ योग्य जमिन भनेर हिजो चिन सरकारको सहयोगमा कुलोहरु निर्माण भए आज ति कुलोहरु जम्मै बन्द भएर त्यहाँ माथी ढलान बाटो भएका छन। सवै ठाँउमा त्यो भएका छन। जस्तो हिजो यहि पनि पोखराको विभीन्न ठाँउहरुको सम्मको निम्ती कुलोहरु निर्माण गर्ने काम भयो। कतिपय विदेशी सरकारको सहयोग पनि भयो। नेपाल सरकारले पनि बनायो तर ति खेति योग्य जमिन भएका ठाँउमा जम्मै प्लटिङ भए घडेरी भए अनि घर बन्न शुरु गरे अनि त्यसपछी त्यो कुलो पुरने अनि त्यहाँ माथी ढलान गर्ने पिच गर्ने खालको स्थिती बन्यो त्यसो भएर भोली त्यो नवन्ला भन्न सकिन्न त्यसो भएर हामीले यो खेतियोग्य जमिन कुन कुन ठाँउ खेतियोग्य जमिन छन तिनिहरुको संरक्षण गर्ने कुरामा पनि यो बिधेयकमा पनि प्रष्ट ढंगबाट अलि अलि आउन खोजेको छ। तेरपाए तेरपाए हिसाबले अलि प्रष्टै हिसाबले खेतियोग्य जमिन कुन कुन हुन ति चाही त्यसको छुट्याऔं त्यसको संरक्षणको निम्ती अलि विशेष ढंगबाट पनि यो विधेयकमा आयो भने त्यो उपयुक्त हुन्छ भन्ने मलाई लाग्छ। अव अर्को यहाँ यो विधेयकको मुख्य उद्देश्य नै भरपर्दो र पहुँच योग्य र जनसहाभागितामुलक सिंचाई सुविधाको विकास र विस्तार तर त्यो के को निम्ती कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गर्नको निम्ति हो। यो सिंचाई प्रणालीको निर्माणको मर्मत यो साइट कुरा भयो मेन कुरा त यो कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गर्नको निम्ती भैसकेपछि अहिलेको सवैभन्दा ठूलो समस्या भनेको भोली हामीले यो विधेयक पारित होला भोली प्रदेश सरकारले कुलोहरु बनाउला सिंचाईहरु वनाउला सिंचाई बनाएर त्यो ठाँउमा कुलो पुर्याउन नपाउँदै त्यहाँका जग्गा सवै प्लटिङ भएर फेरी खण्डीकरण भएर त्यो कुलोको कुनै अर्थ नहुने त्यो बनाएको कुलो चाँही वालुवामा पानी हाले झै जस्तो अवस्था हुने स्थिती नहोस यो तिर हामीले कसरी ख्याल गर्न सक्छौं। अनि अघि पुर्वक्त माननीय ज्यूहरुले एकदम गम्भिरतापुर्वक ढंगबाट कुरा उठाउनु भयो। जस्तो मूल्यबृद्धिको कुरो मूल्यबृद्धि छन तर खास गरेर कृषि जन्य चिजहरुमा जुन ढंगबाट मूल्यबृद्धि भएको छ। हाम्रै देशमा उत्पादन बढाउन सकियो

उत्पादकत्व बढाउन सकियो बृद्धि गर्न सकियो भने एक हिसाबले त्यसले धेरै कुराले इम्पेक्ट पार्छ यो एउटा हामीले अर्गानिक चिजहरु खान पाइने भयो बाहिरबाट आयतित खालका कतिपय त्यस्तै खालका खाना परेन स्वस्थ्यलाई पनि ठिक हुने भयो।अर्को महङ्गी नियन्त्रण गर्ने कुरामा त्यले एउटा इन्डाइरेक्ट रुपमा सपोट गर्ने स्थिती रहन्छ।यदी हाम्रै देशमा आत्मनिर्भर हुन सकियो भने राष्ट्रिय पूजिको विकास र निर्माणमा पनि त्यसले धेरै हिसाबले सहयोग पुर्याउँछ त्यसो भएर ङ्वाट्ट हेर्दा यो चाँही प्रदेश सिंचाई सम्वन्धि व्यवस्था गर्न बनेको विधेयक भएनी यसले धेरै क्षेत्रमा इम्प्याक्ट पार्ने भएकोले र यो हाम्रो एकल सूचिको पनि विषय भएकोले यो चाँही कानून बनाउनु पर्ने यो आवश्यकता छ।तर यो कर्म काण्डी जस्तो नहोस हामीले विधेयक बन्ने पछी ति कानून बनेपछी प्रभावकारी ढंगबाट कार्यान्वयन नहुने त्यो नहोस त्यो भन्दा पहिला फेरी पनि अन्तिममा जोड दिएर अनुरोध गर्न चाहान्छु,आग्रह गर्न चाहान्छु।हामीले खेतियोग्य जग्गा जमिनको संरक्षण गर्ने कुरामा पनि संगसंगै यो विधेयकमा ति कुराहरु पनि समेटीएर आउँदा उपयुक्त हुन्थ्यो भन्ने मलाई लाग्छ। धन्यबाद।नमस्कार।

## माननीय सभामुख

अव म माननीय सदस्य श्री मन कुमारी गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु।त्यसपछि माननीय सदस्य श्री आशा कोईराला।

## माननीय सदस्य श्री मन कुमारी गुरुङ

माननीय सभामुख महोदय,गण्डकी प्रदेश सरकारको उर्जा जलश्रोत तथा खानेपानी मन्त्रीद्वारा गण्डकी प्रदेशमा सिंचाई सम्वन्धि व्यवस्था गर्न बनेको विधेयक यो गरिमामय सदनमा प्रस्तुत भएको छ मन्त्रीद्वारा र यो अत्यन्तै ठिक समयमा ल्याउनु भयो।किनभने हाम्रो यो मूलूक नेपाल कृषि प्रधान देश भएको हुनाले पनि सिंचाई र कृषि एक अर्काका दुइ परिपुरक हुन एक सिक्काका दुइपाटा जस्ता हुन र यो विधेयक मैले सरसरति हेर्दै गर्दा खेरी यसमा धेरै कुरा आएको छ।समेटिएको छ।हाम्रो यो नेपालमा कृषिलाई प्राथामिकता दिनको लागि हामीले यहाँ यो विधेयक ल्याउन जरुरी थियो।मलाइ लाग्छ यहाँ धेरै कुराहरु समेटीएको छ।मलाइ एक

दुइवटा कुराहरुमा के लागेको छ भने जुन यहाँ यो पानीको गुणस्तर भनेर यो परिच्छेद १० को ३० नंमा पानीको गुणस्तर भनेर उपदफा दुई भनेर आएको छ। उपदफा २ वमोजिम गुणस्तर नभएको पानीलाई सम्वन्धित सिंचाई अधिकृतले सिंचाईको प्रयोजनका लागी प्रयोग गर्नको लागि प्रतिवन्द लगाउन सक्छ भनेर जुन यो आएको छ। यसमा मलाई के लाग्छ भने पानीको गुणस्तर भनेर हामीले खानेपानीलाई मात्र  पानीको गुणस्तर नाप्ने भन्ने जुन अहिले प्रचलनमा आएको थियो। यसमा सिंचाइको लागि खासै पानीको गुणस्तर भनेर कस्तोलाइ भन्ने धमिलो पानी भनेर हामी जतिसक्दो सिंचाईको लागि त्यो ढलको पानी त झन सिंचाईको लागि राम्रो खेतिपातिको लागि त्यसमा मल जान्छ भन्ने एउटा चलन  छ। यथार्त पनि हो त्यो बैज्ञानीक हिसाबले। त्यही भएर पानीको गुणस्तर भनेर बालुवा मिस्सिएकोलाई भन्नेकी के भन्ने यो चाँही स्पष्ट म विधान समितिलाई अनुरोध गर्न चाहान्छु। हामीले पठाउँदै गर्दा अलि परिमार्जन सहित व्याख्या होस भन्न चाहान्छु। यो अलिकति अस्पष्ट भएको हुनाले मलाई यो लागेको छ। त्यस्तै परिच्छेद ६ को २१ मा विशेष सिंचित क्षेत्र घोषणा गर्न सकिने भनेर जुन आएको छ। यसमा विशेष हाम्रो कृषि प्रधान देश भएको हुनाले विशेष सिंचित क्षेत्र मात्र भन्दा सवै नेपालको धेरै जसो भुभागहरु आवश्यक नै छ। विशेष भित्र नै पर्छ। किनभने कुनलाइ विशेष मान्ने त्यही भएर सवै क्षेत्रमा यो विधेयक मात्र वनाएर हैन सवै क्षेत्रमा वजेट विनीयोजीत गरेर यसलाइ सवै क्षेत्रमा सिंचित गर्न आवश्यक छ भनेर मेरो यसमा गएको छ। विधायन समितिबाट फेरी परिमार्जीत भएर आओस जस्तो लाग्छ मलाई र अर्को कुरा यो जरिवाना सम्वन्धि जरिवाना तथा सजाय भन्नेमा के छ भने ग को ६ मा ६ अनुसार सिंचाई प्रणालीको पानी प्रदुषण गरेमा भन्ने छ यसमा पनि व्याख्या होस भन्ने छ है यसमा। कस्तो प्रदुषण भित्र के के पर्ने भनेर कोष्टमा आइदियो भने अझ स्पष्ट हुन्छ। सवैजनालाई जस्तो लाग्छ मलाई एउटा कुरा मलाई खट्केको कुरा के छ भने यो परिच्छेद १४ को ४० मा सिंचाई समन्वय समिति भनेर आएको छ। यसमा समिति गठन गर्दा देहाय बमोजिम यो समिति सवै पढ्न भन्दा पनि समिति गठन गर्ने क्रममा चाँही यो मन्त्री संयोजक सचिव मन्त्रालय सदस्य यो सवै म पढदिन र दुईमा गएर के छ भने मन्त्रालयले आवश्यकतानुसार अन्य व्यक्तिहरु आमन्त्रण गर्न सकिने छ भन्ने छ। यसमा चाही मलाई खड्केको कुरा मलाई महिला पहिला समितिमा महिला भन्ने यो अन्य कुरा

पदमा पद अनुसार सदस्य भएको हुनाले मलाई अन्य मन्त्रालयले आवश्यकतानुसार आमन्त्रण गर्ने व्यक्तिमा यहाँ महिला भनेर लेखाइदिनु भयो भने यो समितिमा महिला पनि समेटिन्छ भन्ने जस्तो लाग्छ मलाई सिचाई समन्वय समिति निर्माण गर्दै गर्दा खेरी र अघि जुन पुर्ववक्त साथीले भन्नु भएको थियो कि सिंचाईको लागि उर्वर जमिनलाई संरक्षण गर्नुपर्छ। जहाँपाइ त्यही सिंचाइ गर्दा खेरी त्यो जग्गाहरु मासिन्छ भन्ने कुरा उठेको थियो पुर्ववक्ता साथीले भन्नु भएको कुरा यो मलाई के लाग्छ भने यहाँ नेपाल कृषि प्रधान देश भएको हुनाले पनि यस्तो हुन्छ कि कुनै कुरा त्यो कृषिमा अब त्यो उर्वर जमिन पनि मास्नु पर्ने हुन्छ। है मलाई यो खासै आवश्यकता छ जस्तो लाग्दैन किनभने कुनै ठाँउमा त्यो उर्वर जमिनहरु पनि हामीले त्यहाँ चाँही सिंचाइको व्यवस्था छैन भने त्यसलाई पनि मासेर लानु पर्ने आवश्यकता पर्छ। किनभने पछि त्यहाँ खेति गर्न मिल्ने हो बाह्रै महिना हिउँद बर्खा गर्न मिल्छ। त्यही कारणले त्यो उर्वर जमिन संरक्षित भनेर संरक्षण गर्नेतिर लाग्यो भने फेरी त्यो ठाँउ पछाडी पर्न पनि सक्छ सिंचाईबाट। त्यही भएर त्यो बाट हामीले केही उत्पादन गर्नको लागि यो धाराले छेक्न हुदैन यो कुराहरुले छेक्न हुदैन मलाई त्यस्तो लाग्छ। अन्य कुराहरु यसमा कमेन्ट गर्न जरुरी छैन र नेपाल सरकारको उर्जा,जलश्रोत तथा खानेपानी मन्त्री द्वारा जुन यो विधेयक सदनमा ल्याइएको छ। यो राम्रो छ, आवश्यक छ र यो हाम्रो देशको परिवेश अनुसार पनि र यल्लाइ जति पनि कुराहरु हाम्रो विधायन समितिमा विद्वान माननीय ज्यूहरु हुनुहुन्छ यल्लाइ परिमार्जित गरेर अलिकति ल्यायोस भन्न चाहान्छु र सकारात्मक टिका टिप्पणीका साथ यसको समर्थन गर्दै विदा हुन्छु हस धन्यबाद,जय नेपाल।

## माननीय सभामुख

माननीय सदस्य श्री आशा कोइरालालाई छलफलमा भाग लिन समय दिन्छु। त्यसपछि माननीय सदस्य श्री खिम विक्रम शाही।

## माननीय सदस्य श्री आशा कोइराला

माननीय सभामुख महोदय,गण्डकी प्रदेशमा सिंचाइको व्यवस्था गर्ने सम्वन्धमा बनेको विधेयक माथी हामी सैद्धान्तिक छलफल गर्न गैरहेका छौं। ढिलै भएपनि प्रदेश सरकारले कृषि क्षेत्रमा महत्ववोध गरेर कृषी क्षेत्रको महत्ववोध गरेर यो ऐन

ल्याएको छ त्यसकारण म यो ऐनको हार्दिक स्वागत गर्न चाहान्छु।हामी कृषि प्रधान देशमा छौं तर हाम्रो अवस्था परनिर्भरताको छ। कृषि प्रधान देश तर हामी अरुकै भरमा अहिले जिवन यापन गर्न वाध्य छौं।यो अवस्थाबाट नेपाली जनतालाई मुक्ति दिनुपर्छ।कृषिमा उत्पादकत्व वढाउन सकेनौ भने र खेति योग्य जमिनको संरक्षण गर्न सकेनौ भने हाम्रो देश अत्यन्त भयाभय बन्ने पनि निश्चित छ।यो कुरा तपाई हामी सवै जनाले महशुष गरेका छौं।त्यसैले यसमा यो खेति योग्य भुमिको संरक्षण गर्ने कृषिमा उत्पादकत्व वढाउने सवै कामको लागि हामीले सिंचाइको उचित व्यवस्थापन गर्ने,खेतियोग्य जमिनको संरक्षण गर्ने र सहि ढंगले उन्नत प्रविधिबाट आधुनिक प्रविधिबाट सिंचाइ लगायतका सवै व्यवस्थापन गर्ने हो भने मात्रै हामीले यो राष्ट्रलाइ साँच्चै कृषि प्रधान राष्ट्र बनाउन सक्छौं र कृषिमा उत्पादन र उत्पादकत्व पनि बढाउन सक्छौं।त्यसैले यो गण्डकी प्रदेश सरकारले अहिले ल्याइरहेको सिंचाइ ऐनले यी सवै कुराहरुको अध्ययन गरेर यो ऐनलाइ पूर्ण बनाएर हामीले राष्ट्रको आवश्यकता परिपूर्ति गर्नुपर्छ भन्ने मलाइ लागेको छ।अहिले हाम्रो नेपालको सिंचाइको अवस्था हेर्ने हो भने यसको इतिहाँस हेर्दा नेपालमा १९८५ सालमा बल्ल सिंचाइको एउटा व्यवस्थित प्रणालीको शुरुवात भएको रहेछ।चन्द्र नहर निर्माण गरेर नेपालमा सिंचाइको शुरुवात गरिएको र १३ सालमा आएर योजनाबद्ध सिंचाई प्रणालीको शुरुवात गर्ने भनियो तर ४९ सालमा आएर मात्र नीति सिद्धान्तको आधारमा ऐन नियमावलीहरुको निर्माण हुन शुरु गरेको हामीले इतिहाँस पाएका छौं।४९ सालमा ऐन,नियम, नियमावलीहरु निर्माण गर्न शुरु गरियो।तर अहिलेसम्म पनि हाम्रो सिंचाईको व्यवस्था भने त्यति राम्रो छैन यो सिंचाइलाइ अझै राम्रो बनाउनको लागि ऐन नियमहरु प्रभावकारी त हुनै पर्छ।त्यसको लागि हामीले हाम्रा ऐनमा कस्ता कुराहरु व्यवस्था गर्नुपर्ला समग्र ऐन मैले दफावर रुपमा मैले पढेर आएको छैन।सैद्धान्तिक रुपमा ऐनमा समेटिनु पर्ने विषयहरु हामी विधायकहरुले ऐनमा के के विषयहरु समेटिनु पर्छ भनेर दिने कुराहरु र राज्य सरकारले पनि विधेयकमा समेटनु पर्ने कुराहरुको बारेमा हामी सोचमग्न हुन जरुरी छ।हाम्रो गण्डकी प्रदेशको अवस्था हेर्दा खेरी सेती, काली, मादी, मर्स्याङ्गदी लगायतका जति पनि हाम्रा ठूला नदीहरु छन र साना खोलाहरु पनि छन।नदीकै स्तरमा रहेका खोला नालाहरु छन तिनको किनारमा धेरै सुख्खा टारहरु छन। विविध कारणहरुले नदीहरु,खोलाहरु गहिरीदै जाने र किनारका

टारहरु सुख्खा हुदै जाने एउटा समस्या छ।अर्को हाम्रो टारी खेतहरु हिजो देखि पनि थिए ति टारी खेतहरु अहिले पनि वाँझा छन।किनभने खोला खोल्साबाट परम्परागत प्रणालीबाट लगेका कुलाहरु बाँध बाँधेर लगेका किला ठोकेर एउटा कच्चा परम्पारगत ढंगले बाँधीएका बाँधहरु त्यति प्रभावकारी भएनन विभीन्न कारणले ति कुलाहरु प्रभावित भएर अहिले हाम्रा टारी खेतहरु पनि बाँझा छन।त्यस्तै अर्को बर्षौंदेखि खेति नगरेर बाँझै बसेका गैरजग्गाहरु जुन वसाई-सराईको कारणले अरु विविध कारणले त्यस्ता गैरजग्गा,भिराला पाखा पखेराहरु हामी संग छन।यी यावत जमिनका बिभिन्न प्रकृतिलाई मध्यनजर गरेर हामीले कसरी सिंचाई गर्यौं भने सवै जमिनको उपयोग गर्नुपर्छ भनेर राज्यले बृहत ढंगले सोच्नुपर्ने जरुरी छ।अहिले हामीले देख्छौं सिंचाइका पनि प्रकृतिहरु विभीन्न छन।भुमिगत सिंचाइ छ। जमिनमुनिबाट हामीले पानी ल्याएर हैन विभिन्न माध्यमबाट जमिन भित्रको पानी हामीले खेतवारीमा सिंचाइ गरेको एउटा सिंचाइ छ। परम्परागत रुपमा सतहबाट ल्याएका नदी खोलाबाट बाँध बाँधेर खेत सम्म पुर्याएका कुलो नहरहरु हामी सँग छन।अर्को नयाँ प्रविधिमा आधारीत लिफ्टहरु छन। कोही सोलारबाट निर्माण गरिएका कोही बिद्युतबाट निर्माण गरिएका यस्ता खालका सिंचाईका हाम्रा प्रविधीहरु छन तर यो सवै प्रविधिहरु हुँदा हुँदै पनि किन व्यवस्थित ढंगले हाम्रा खेतबारीहरु सिंचित हुन सकेनन र हामीले सवैलाइ उत्पादनको काममा अथवा कृषिजन्य काममा किन लगाउन सकेनौं।त्यसका विविध कारणहरु छन।हाम्रो अहिले समस्याहरु के छन।नदीको सतह गहिरिदै गएको छ।जमिनहरु बाँझो हुदै गएको छ।बसाइ-सराइको कारणले जमिन खालि छ।सिमित व्यक्तिको हातमा मात्र रहेको गएको छ।अहिले सवै श्रमजिवि मान्छे जल्ले खेतिमा आत्म निर्भर भैरहेका छन ति व्यक्तिहरुको हातमा जमिन छैन। अब जमिन अत्याधिक खण्डीकरण पनि भएको छ।विभीन्न दृष्टिकोणले खेतियोग्य जमिनहरु अन्य प्रयोजनको लागि प्रयोग भैरहेका छन।राज्यले जति नीतिहरु बनाएको छ।एक त वैज्ञानीक ढंगले नीति बन्न सकेन अर्को बनेका नीतिहरु पनि सहि ढंगले कार्यन्वयन हुन सकेनन।यो हाम्रो एउटा दुरदशा छ।अनि बनेका योजनाहरु टुक्रे योजनाहरु बने मनगत योजनाहरु बने त समग्रमा राज्यले कुन ठाँउमा कस्तो खालको योजनाको आवश्यकता हो, आवश्यकता हेरेर योजनाहरु बनाउने अहिले सम्म पनि प्रचलन भएन।आवश्यकता भन्दा पनि पहुँचको आधारमा

जो व्यक्तिको पहुँच छ त्यो व्यक्तिको मात्र योजनाहरु हुने। अनावश्यक ठाँउमा योजना छन आवश्यक ठाँउमा छुटिरहेका छन।यस्तो खालको पहुँचको आधारमा योजनाहरु बन्ने गरेको हाम्रो नेपालको दृष्टान्त छ।अर्को जलबायु परिवर्तनको कारणले पनि श्रोतहरु सुक्ने विविध असरहरु देखिइरहेका छन।त्यसकारण यि यावत समस्याहरुलाई मध्यनजर गरेर आगामी दिनमा नेपालमा साँच्चै हामीले हुनत यो सिंचाईको सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन हो तर हामीले जमिनको भुउपयोग नीति धेरै चोटी कुरा गरियो हामीले नीति निर्माण नगरिकन भु उपयोग नीतिको आधारमा खेतियोग्य जमिनहरु खेतियोग्य जमिन भनेर तेल्लाई हामीले छुट्याएर त्यसमा सिंचाई लगायतका सवै कुराहरु केन्द्रित गरेर हामीले उत्पादनमा बृद्धि गर्ने तिर हामीले सोच्न पर्छ।त्यसका उत्पादन क्षेत्र अहिले हामीले समग्र भुउपयोग नीति लागु गर्न नसके पनि उत्पादनको क्षेत्र कुन हो त हाम्रो कृषि क्षेत्र त्यो क्षेत्र गण्डकी प्रदेशले पनि किटान गर्नु पर्छ तोकेर जानु पर्छ।अनि राज्यले नै कुन ठाँउमा कहाँ हो सर्वेक्षण गर्न पर्ने कुन ठाँउमा हो सिंचाईको अति आवश्यक कुन ठाँउबाट धेरै उत्पादन गर्न सकिन्छ त्यो ठाँउलाई मध्यनजर गरेर राज्यले नै बृहत अध्ययन, सर्वेक्षण गरेर सरल र सहज ढंगले आधुनिक प्रविधिबाट उपयुक्त प्रविधि मार्फत सिंचाईको व्यवस्था गर्नु पर्छ।अव हामीले सिंचाई योजनालाइ प्रभावकारी बनाउनको लागी जहाँ जहाँ हाम्रा योजनाहरु निर्माण भएका छन,जुन जुन ठाँउलाई राज्यले फोकस गरेको छ।कतिपय ठाँउमा जनताहरुको सहभागिता नहुँदाखेरी ति योजनाहरु प्रभावित बनेका छन।प्रयोगविन बनेका छन।त्यसकारण हरेक योजनाहरुमा जनसमुदायको सहभागिता हामीले सुनिश्चित गर्न सक्यौं भने ति योजनाहरु प्रभावकारी हुन्छन ,संरक्षित हुन्छन,उपयोगी हुन्छन र राज्यले सोचेको कुरा हामीले सोचेको परिणाम प्राप्त गर्न सकिन्छ।त्यसैले त्यतातिर पनि हामी ध्यान दिन जरुरी छ।अर्को कुरा सिंचाइमा हुने लागत अहिले हाम्रो परम्परागत ढंगले आउने सिंचाईहरुको अवस्था असाध्यै नाजुक छ।हामीले त्यो ढंगले सिंचाई गरेर हाम्रो आवश्यकता पुरा हुन सक्ने अवस्थामा हामी छेनौं त्यसकारण भुमिगत सिंचाई र लिफ्ट सिंचाई नै हाम्रो महत्वपुर्ण बनेको छ।यतिवेला सरकारले त्यसता योजनाहरुमा छुट दिने विशेष प्रोत्साहन दिने,पुरस्कृत दिने काम गर्नुपर्छ।जस्तो अहिले नेपाल सरकार उर्जा तथा जलश्रोत मन्त्रालयले अहिले विद्युतबाट गरिएका सिंचाईहरुमा सिंचाईमा छुट दिने महशुल छुट दिने जुन नीति अथवा घोषणा नेपाल

सरकारले गरेको छ। माननीय उर्जा जलश्रोत तथा सिंचाई मन्त्री पम्फा भुषालले यो निर्णयको स्वागत गर्छौं हामी र यस्तै यस्तै निर्णयहरु गरेर जनतालाई कसरी कृषि उत्पादनमा ल्याउने कसरी आकर्षित गराउने भन्ने ढंगले यो ऐन निर्माण गर्न आवश्यक छ किनभने कृषि क्षेत्रबाट हाम्रो नेपालको धेरै जनसमुदायहरु विमुख हुदै गइरहेका छन। त्यसकारण सिमीत व्यक्तिको हातमा भएको जग्गा जमिनलाइ बाँझो रहेका गैर जग्गा जमिनहरुलाई राज्यले एउटा उपयुक्त नीति बनाएर संरक्षण गर्ने र विशेष योजना बनाएर जाने हो भने हामी आत्मनिर्भर हुन सक्छौं। त्यसैले यो ऐनमा व्यवस्था गर्ने तर्फ हामी सोचौं। यही कुरा राख्दै विदा हुन्छु,धन्यबाद।

## माननीय सभामुख

माननीय सदस्य श्री खिम विक्रम शाहीलाई छलफलमा भाग लिन समय दिन्छु। त्यसपछि माननीय सदस्य श्री खिम विक्रम शाही।

## माननीय सदस्य श्री खिम विक्रम शाही

माननय सभामुख ज्यू,गणडकी प्रदेशको सिंचाई सम्वन्धमा व्यस्था गर्न वनको विधेयक २०७८ हाम्रा सम्वन्धित माननीय मन्त्रीज्यूले सभामा प्रस्तुत गर्नु भएको छ। धेरै माननीय सदस्यहरुले कुरा राखि सक्नु भएको छ। ति कुराहरु नदोहराइकन मेरो भनाई राख्ने अनुमति माग्छु। सर्वप्रथम यो सिंचाई योजना जव प्रदेश सरकारलाइ हस्तान्तरण गरेका सिंचाई योजनाहरु छन। ति सिचाई योजनाहरु शुरु भएर अन्त्य नहुदै त्यस्ता योजनाहरु मर्मत गर्ने की निर्माण गर्ने भन्ने चरणमा छन। त्यसता सिंचाइ आयोजनाहरुमा हामी पनि उपभोक्ता समितिमा आवद्ध छौं। हामीलाई जानकारी छ। त्यसता आयोजनाहरु अलपत्र परेका छन। विधेयकका कारणले हो भने त अब विधेयक आयो। विधेयक आउन जरुरी थियो। स्वागत गर्न चाहान्छु। करोडौं खर्च गरेर राज्यको रकम करोडौं खर्च गरेर ति आयोजना अलपत्र पर्नुमा यसको जिम्मेवारी को हो? जनताको अभिभावक भएको हुनाले अवस्य यसको जिम्मेवारी सरकार नै हुनुपर्छ। यो विधेयक थुप्रै कुरालाई समातेर आएको छ र हामीले सर्वप्रथम जल उपभोक्ता समिति संस्था दर्ता गर्ने कुरा र नविकरण गर्ने कुरा यी अत्यन्तै झन्जीटिलो प्रकारको छ। त्यसैले अव आँउदा दिनहरुमा यल्लाइ सरल प्रकारले दर्ता प्रकृया र सरल प्रकारले नविकरण प्रकृयालाई अवलम्वन तिर

जानपर्छ। हामीले अघिनै भनिसक्यौं धेरै माननीयजी हरुले पनि भनि पनि सक्नु भएको छ। हाम्रो यो देश भनेको कृषि प्रधान देश अब यो कृषि प्रधान देश कस्तो प्रकारको कृषि प्रधान देश हुने भयो भने अन्य देशबाट किनेर खाने कृषि प्रधान देश त्यसकारणले गर्दा हामीले विभीन्न कारणले हामीले यि कृषि जन्य वस्तु किनेर खान बाध्य भएका छौं। यसको निराकरण गर्नको लागि सिंचाईको उपयुक्त व्यवस्था हुनुपर्छ र खेतियोग्य जग्गामा घर टहरा बनाउने कुराहरु सम्म सम्म जहाँ खेतियोग्य जमिन छ। त्यो ठाँउमा हामीहरु घरहरु बनाउने टहरा बनाउने कुरालाई हामी मिनीमाइज गर्ने तिर लागेका छैनौं यसलाई पनि सरकारले ध्यान दिनपर्छ की जस्तो मलाई लाग्छ। घर बनाउने ठाँउ,त्यही प्रकारको जग्गा हामीले छनौट गरेर बनाउन दिदा राम्रो हून्छ जस्तो लाग्छ र यहाँ आयोजना निर्माण गर्दा खेरी विभीन्न ठाँउमा विवाद भएको कुरा पनि हामी देख्छौं। सून्ने पनि गरेका छौं। त्यसको निराकरणको लागि यो विधेयकमा पनि भनिएको छ। जल्ले सिचाई उपयोग गर्दैन तर सिचाई लिने ठाँउ जमिन जसको पर्छ त्यसलाइ उचित क्षतिपूर्तिको व्यवस्था उचित क्षतिपूर्ति दिइनेछ भनीएको छ। र त्यो यी यसनी कारणले विवाद भएको क्षतिपुर्ति नदिएको कारणले विवाद भयो सर्वप्रथाम त जमिन मात्र हैन की घरटहरा पनि पर्न सक्छ। सिंचाइको कारणले घर टहरा भत्किन सक्छ। त्यसको पनि क्षतिपुर्तिको व्यवस्था गर्नुपर्छ जस्तो लाग्छ र दण्ड जरिवानाका कुरा पनि आएका छन अत्यन्तै राम्रो कुरा छ। अव यो अन्तर जिल्ला समन्वय गरेर अव सिंचाईको योजना पनि सञ्चालन पनि आएको छ। अव अन्तर प्रदेश पनि आउने होला उस्तै पर्यो भने अन्तर देश पनि आउने होला। हाम्रो क्षेत्र भित्र पर्छ पर्दैन अव त्यहाँ गतिलो गरेर आउने होला समन्वय गरेर पक्कै पनि सिंचाई योजना लागु गर्नुपर्नेछ। ठूला आयोजनाहरु र यो सिंचाई किसानलाइ मात्रै नभएर बहुआयमिक प्रकारको भएको हुनाले यल्लाई त्यही प्रकारले हामीले सिंचाई आयोजनाहरु लागु गर्नुपर्छ। त्यसबाट विद्युत विद्युतबाट सिंचाई विभीन्न प्रकारको गन्तब्यहरु निर्माण गर्न पनि सजिलो हुनेभएकोले यो विधेयक अत्यन्तै राम्रो छ। एकदम सह्रानिय पनि छ र यो विधेयकलाई साँच्चै हामी पास गरेर कार्यान्वयन गरेर व्यवहारीक तर्फ जान सक्ने हो भने यो सरकार साँच्चै कृषकहरुको सरकार साँच्चै जनताको सरकार बन्नेमा म ढुक्क छु र यहाँ अन्तिममा आएर दर्ता गरेर पनि नविकरण नगर्ने लापारबाही गर्ने जुन जलउपभोक्ता संस्थाहरु छ ति संस्थाहरुलाई कार्यबाही

गर्ने,निलम्वन गर्ने, खारेज गर्ने जुन अधिकार सिंचाई अधिकृतलाइ दिइनेछ पनि भनीएको छ। यो अलि अहिलेको यो गणतान्त्रिक मूलूकमा एउटा व्यक्तिलाई मात्र अधिकार अधिकृतलाइ मात्र दिदा अलि अव्यवहारीक हुन्छकी अव प्रभावमा परेर निलम्वन गर्न नि सक्ने प्रभावमा परेर खारेज गर्न पनि सक्ने भएको हुनाले त्यसमा पनि ध्यान जान जरुरी छ।यो सम्वन्धित कार्यालयलाइ दिदा राम्रो हुन्छकी भन्ने कुरा लाग्छ त्यसकारणले गर्दा यो मैले शुरुमा पनि भनिसके मेरै ठाँउमा मेरै वडामा एउटा सिंचाई छ महोविर सिंचाई योजना जो सरकारको मातहतमा हस्तान्तरण भएको गण्डकी प्रदेश सरकारको मातहतमा त्यस्ता योजनाहरु हाम्रो ११ वटा जिल्लामा धेरै छन होला ति अलपत्र अवस्थामा छन ति सूचारु अवस्थामा छैनन मैले अघिनै पनि भने फेरी पनि दोहराउँछु ति कुराहरु न निर्माणका अवस्थामा छन न मर्मतको अवस्थामा छन त्यसैले त्यो कुरालाइ ध्यान दिदै हाम्रो अहिलेको सरकारले अगाडी बढनेछ भन्ने कुरा गर्दै पुन यो विधेयकलाइ स्वागत तथा धन्यबाद दिदै मेरो भनाई अन्त्य गर्छु।धन्यबाद।

## माननीय सभामुख

माननीय सदस्यहरु, अव म माननीय उर्जा जलश्रोत तथा खानेपानी मन्त्री माननीय मन्त्री श्री हरिशरण आचार्यलाई छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु।

**माननीय उर्जा जलश्रोत तथा खानेपानी मन्त्री श्री हरिशरण आचार्य-**

माननीय सभामुख ज्यू,हिजो मात्रै यसै सदनमा प्रस्तुत भएको गण्डकी प्रदेश सिंचाई सम्वन्धि व्यवस्था गर्न बनेको विधेयक जो उर्जा जलश्रोत तथा खानेपानी मन्त्रालयको तर्फबाट मैले कार्यभार सम्हालि राखेको मन्त्रालयको तर्फबाट हामीले पेश गरेका छौं र यो विधेयकको वारेमा यसको सम्वन्धमा धेरै माननीय ज्यूहरुले आ-आफ्नो टिप्पणी तथा सैद्धान्तिक छलफलहरु व्यवस्थित ढंगले राख्नु भएको छ।म सबभन्दा अगाडी बिषयबस्तु राख्ने माननीय ज्यूहरुलाई म हार्दिक आभार व्यक्त गर्न चाहान्छु र ति विषयवस्तुहरुले यो विधेकलाइ अझ व्यवस्थित गर्न सहयोग पूर्याउने छ म आशाबादी छु र हामी विशेष गरी प्रदेश सरकारको जुन एकल अधिकार सूचिको क्रममा रहेको नेपालको संविधान २०७२ अनूसूची छ को क्रम संख्या ७ मा रहेको जुन एकल अधिकार छ। सिंचाई प्रणालीलाई प्रदेश

सरकारले व्यवस्थापन गर्ने त्यसको संरक्षण गर्ने अनि किसान र खेतियोग्य जमिनलाइ सिंचाईमा दिगो व्यवस्थापन सँगै अगाडी बढाउने जुन खालको प्रावधान छ त्यो अनुसार हामीले यो ऐन ल्याएका छौं र विशेष गरी विगतमा जसरी परम्परागत ढंगले खेति प्रणालीलाई अगाडी बढाउने र सिंचाईको व्यवस्थापन गर्ने जुन विधि थिए। पछी प्रविधिको विकास सँग सँगै त्यो अलि मोड्नाइज भएर गएको हामीले पाँउछौं र यसमा हामीले कृषि प्रधान मुलूक भएको कुरा र फेरी हामी कृषिमा आत्म निर्भर हुन भन्दा पनि धेरै वस्तुहरु आयतित गरेर आयत गरेर हामी खरबौं पैसा विदेश पठाउनु पर्ने वाध्यात्मक अवस्थामा छौं।त्यसैले यसलाइ न्यूनिकरण गर्नका निमीत्त अनि कृषिमा अझै व्यवसायीककरण गर्दै अगाडी बढाउने जो कृषिमा आश्रित किसानहरु हुनुहुन्छ अथवा जनता हुनुहुन्छ।उहाँहरुलाइ हामीले अझै व्यवसायीकरण गर्दै कृषि प्रति आशावादी बनाउने त्यो पेशा प्रति मर्यादित पनि बनाउने त्यो पेशा प्रति सबैलाइ गौरब गर्न लायक पनि बनाउने त्यसका निमीत्त अहिले हामी विगतमा भएका जति पनि सिंचाई प्रणालीहरु छन तिनले जुन खोलामा जुन रुपले पानी छ अथवा पानीका श्रोतहरु जस्तो अवस्थामा छन त्यस्तै अवस्थामा किसानले आँफूले ल्याउनु पर्ने वाध्यात्मक परिस्थिति थियो।आज बिज्ञानको चमत्कार सँगै नयाँ प्रविधिको विकास भएको छ।हामी ग्राविटी ओएबाट अथवा सतही सिंचाईको बिधि मार्फत मात्रै हामीले हाम्रा सिंचाई प्रणालीहरुलाइ व्यवस्थापन गर्नु पर्ने बाध्यात्मक परिस्थिमा थियौं तर आज त्यो बिज्ञानको चमत्कार सँगै विज्ञान र प्रविधिको विकास सँगै हामी तल भएको पानीलाई फेरी माथी ठूला ठूला टावरहरुमा सिंचीत गर्न सक्ने त्यसको लिफ्टीङ प्रविधिबाट सिंचीत गर्न सक्ने त्यो एउटा नयाँ विकास प्रकृयामा छौं त्यसैले आज ठूला ठूला मैले अनुभुत गरेको कुरा के हो भने आज माननीय ज्यूहरुले जुन ढंगले विषय बस्तुहरु उठान गर्नु भएको छ। हामीले विशेष गरी पाँच छ वटा बिषय बस्तुहरुलाइ अली बढी केन्द्रित गरेका छौं।एउटा बिषयबस्तु सिंचाई प्रणाली कुन ठाँउमा कति कसरी आवश्यक छ र त्यसलाइ हामीले कसरी व्वस्थापन गर्ने विधि निर्माण गर्न सक्छौं। पहिलो बिषयबस्तु हामीले त्यतातिर अलि केन्द्रित गरेका छौं। दोस्रो कुरा भनेको हामीले सिंचाई प्रणाली विगतमा अलि छरफस्ट ढंगले आ-आफ्नो रुपमै परम्परागत ढंगले सञ्चालन भएका थिए।तेल्लाइ एउटा विधि र प्रकृया भित्र ल्याएर कानून र सामाजिक नियमलाइ पनि व्यवस्थापन गर्दै हामीले अगाडी बढाउने गरेर हाम्रो दोस्रो

विषयवस्तुमा हामीले त्यसलाइ समेटने पर्यत्न गरेका छौं। तेस्रो विषयवस्तु जुन निर्माण गर्ने संरचना बनाउने र त्यो संरचनालाइ कसले संरक्षण गर्ने अथवा त्यसलाई वेवारिसे हुनबाट वचाउने त्यसको संरक्षण कसरी गर्ने भन्ने विषयवस्तु र त्यो कानूनी दायरालाइ अलिकति हामीले नजिकबाट ल्याउने पर्यत्न गरेका छौं र चौथौ कुरा हामी सिचाइलाइ बाह्रै महिना खेतियोग्य जमिनमा सिंचाई पुर्याउने र बाह्रै महिना फेरी किसानले त्यो ठाँउमा खेति लगाएर कृषि पेशालाइ गौरबशाली पेशाको रुपमा अगाडी बढाउने हिम्मत गर्न सकोस भन्ने हिसाबले हामीले भुमिगत सिंचाइको अर्को नयाँ प्रकृयाको शुरुवात गर्न खोजेका छौं। वास्तवमा सिंचाई प्रणाली जुन सतहको सिंचाई प्रणाली, भुमिगत सिंचाई प्रणाली अथवा अरु साना सिंचाई प्रणालीहरु छन यी सवै कुराहरुलाइ हामीले कसरी व्यवस्थापन गर्ने भन्ने कुरालाई हामीले विशेष गरी तिनवटा सरकार छन। संघ, प्रदेश र स्थानीय तह यो तिनवटै सरकारमा हामीले कसरी समन्वय गर्ने एउटा प्रदेश स्तरको समन्वय समिति निर्माण गरेर त्यसले सवै खालको समन्वय गरेर काम गर्न खोजिराख्यौं। दोस्रो कुरा यो ऐनमा हामीले एउटा त्यो सवैलाई समन्वय गर्ने गरेर यो प्रदेश भित्र रहेका र त्यसपछाडी संघ सरकार सँग रहेका जो सिचाई प्रणाली अथवा त्यो क्षेत्राधिकार छ। त्यो सवैसँग समन्वय कसरी गर्ने अथवा स्थानीय सरकार सँग कसरी समन्वय गर्ने भनेर हामी त्यो तिनवटै सरकारको समन्वयात्मक हिसाबले अगाडी बढ्ने गरी हामीले एउटा समिति निर्माण गर्ने त्यो मार्फत जो आफ्नो जो अधिकारक्षेत्र छ जो सहकार्य र सहअस्तित्वको आधारमा हामीले हाम्रो कार्यक्रमलाइ अगाडी बढाउने गरी हामी कसरी जान सक्छौं भनेर विशेष गरी हामी समन्वयको काम गर्ने गरी हामीले त्यसलाइ व्यवस्थापन गरिराखेका छौं। त्यो सँगै हामीले फेरी जिल्ला जिल्लामा कतिपय उपभोक्ता समितिहरु हुन्छन। अनि कतिपय त्यहाँका विवादीत सिंचाई प्रणालीहरु हुन्छन अथवा क्षेत्रहरु हुन्छन। ति सवैलाई हल गर्ने गरी त्यहाँको सम्वन्धित सिंचाई कार्यालय मार्फत त्यसलाई समन्वय गर्ने गरी अर्को नयाँ प्रकारको व्यवस्थापन गर्न खोजेका छौं। यसरी हामी जाँदा खेरी हामीले हाम्रो कृषि प्रधान देश भनेर मुखले भन्ने तर व्यवहारमा त्यो हुन नसकेको अवस्थालाई हामीले व्यवहारत कसरी पुष्टि गर्न सक्छौं। यो कुरालाई जुन माननीय ज्यूहरुले उठाईराखु भएको छ। यसलाइ हामीले व्यवस्थित ढंगले व्यवस्थापन गर्ने गरी विशेष गरी हामीले यसैलाइ ठिक ढंगले व्यवस्थापन गर्ने गरी हामी व्यवहारीक रुपमा अहिले

भुमिगत सिंचाई अझै बढी प्रभावकारी ठूला ठूला टारहरु तल छन ति टारहरुमा भुमिगत सिंचाई प्रणाली मार्फत जो जमीनको सतहमा पानी निस्कन सक्ने अवस्थाको अथवा त्यहाँको भुधरातललाई ख्याल गरेर हामीले त्यो प्राविधिक रुपमा जाँच गरेर हामीले काम गर्न खोजिराखेका छौं त्यसको एउटा प्याकेजको रुपमा हामी अगाडी बढाउने सोच पनि बनाएका छौं। त्यसले विशेष गरी खेतियोग्य जमिनलाई बाह्रै महिना सिंचाई हुने खालको अवस्था सृजना गर्न सक्छ भन्ने हामीलाई बिश्वास पनि छ। त्यो रुपमा हामीले यो ऐनलाइ अलिकति त्यतातिर पनि केन्द्रित गर्न खोजिरहेका छौं। किनभने हामी अहिले अर्को हामी किसानलाई अथवा खेतियोग्य जमिनमा जुन ढंगले सिंचाई गर्न खोजिराखेका छौं त्यो सिंचीत गर्नुपर्ने जमिनमा जुन किसानले अलि बढी लगानी गर्नुपर्ने वाध्यता बनीराखेको छ। यसलाइ किसानको लगानीलाई हटाउने र राज्यले त्यसको दायित्व र कर्तव्यवोध गर्ने यो खालको विधि मार्फत हामीले सिंचाईमा विद्युतिय महशुल लिने खालको जुन प्रचलन छ जुन राज्यले लिइराखेको छ। सायद जुन दिन म मन्त्री विभागीय मन्त्रीको कार्यभार सम्हालेको थिए त्यही दिन यो आर्थिक बर्षबाट हामी सांकेतिक रुपमा किन यो आर्थिक बर्षको विचमा हामीले विभागीय मन्त्रालयको जिम्मा लीएको कारणले गर्दा त्यसको चाँही हामीले विद्युतिय महशुल राज्यले जिम्मा लिनुपर्छ र त्यो अनुदान दिनुपर्छ भनेर हामीले त्यसको सहुलियत रुपमा किसानलाई अनुदान दिने गरी हामीले त्यो कार्यक्रम बनाएका छौं। यहि बर्षबाट हामीले साँकेतिक रुपमा हामी एघार जिल्लाका एघार सिंचाई प्रणाली र एघार जिल्लाको त्यो सवैमा एक एक वटा भनेपनि त्यसको सांकेतिक रुपमा शुरु गर्ने र आगामी दुई बर्ष भित्र हामी सम्पूर्ण विद्युतिय महशुललाई निशुल्क गर्ने गरी अथवा त्यसको अनुदान रकम उपलब्ध गराउने गरी हामीले त्यो प्रकृया अगाडी बढाइराखेका छौं। त्यसैले किसानलाई अझै बढी सहुलियत दिनुपर्छ र अझ कृषि पेशा प्रति मान्छेलाई अभिप्रेरित गर्नुपर्छ किसानलाइ अभिप्रेरित गर्नुपर्छ उत्साहित बनाएर गौरवशाली पेशामा लागेको छु भन्ने खालको एउटा महत्ववोध गराउने खालको परिस्थिती निर्माण गर्नुपर्छ भन्ने कुरामा राज्य गम्भिर छ र सरकारले त्यो दिशातिर काम गरिरहेको कुरा म माननीयजीहरुलाइ जानकारी गराउन पनि चाहन्छु। यसको सँगै हामी यहि ऐन अन्तर्गत जसरी भुउपयोग नीतिको विषयमा यो भुमि व्यवस्था तथा कृषि मन्त्रालयको कार्य क्षेत्र भित्र पर्छ हामीले त्यसलाइ समन्वय गर्ने कुरामा समन्वय समितिको एउटा भुमिका

निर्वाह गर्ने हिसाबले हामी भुमि व्यवस्था कृषि मन्त्रालयको पनि हामीले चाँही सदस्य राख्ने गरी समन्वय समितिमा हामीले व्यवस्था गरेका छौं।त्यसो भएको कारणले त्यो सँग सम्वन्धित सवै कुराहरु हामी त्यही बसेर पनि छलफल गरी एउटा विधिको विकास गर्ने गरी ऐनमा व्यवस्था गरेका छौं।त्यो संगै हामीले कतिपय सिंचाई आयोजनाहरु मैले अघिनै पनि राखे जो निर्माण हुदै जादा खेरी निर्माण सम्पन्न नहुदै अलपत्र पर्ने खालको जुन बनेको छ।अलिकती हाम्रो विकास प्रकृया असमानुपातिक र असामावेशी चरित्रको हुदै जाँदा खेरी जो पहुँचको भरमा विकास पर्याउने यस्तो खालको जुन प्रचलन अथवा मैले भन्दाखेरी यसलाइ अन्यथा नलागोस अलि चाकडी प्रथाको विकास प्रणाली जुन विगतमा थियो त्यसलाइ हामीले सच्चाउनु पर्छ र त्यो सच्चाउने गरी समावेशी र समानुपातिक विकास प्रणालीलाई अगाडी बढाउने गरेर त्यो सिंचाईको व्यवस्थापन गर्ने गरेर पनि हामीले अगाडी बढाउन खोजेका छौं।यो सँगै हामीले जुन क्षतिपूर्तिको सन्दर्भमा विषय माननीयजी हरुले उठाउनु भएको छ। मैले के राख्न चाहन्छु भने हामीले क्षतिपूर्ति जो किसानको खेतियोग्य जमिन जसरी सिंचाइ प्रणाली अन्तर्गत पर्छ त्यसलाई क्षतिपूर्तिको व्यवस्था त्यसलाइ जमिनको क्षतिपूर्तको व्यवस्था गर्ने घर टहराको पनि क्षतिपूर्तको व्यवस्था गर्न सकिने गरी हामीले त्यो कानूनी त्यो नियमावली अहिले त्यसमा त हामी क्षतिपूर्ति दिने कुरा मात्रै गरेका छौं।त्यसलाइ व्यवस्थापन कसरी गर्ने भन्ने कुरा अझ नियमावलीमा प्रष्ट ढंगले ल्याउँछौं।यो सैद्धान्तिक रुपमा हामी प्रष्ट रुपमा अगाडी बढाउन खोजिराखेका छौं यसलाइ कानूनी रुपमा अगाडी बढाउन खोजिराखेका छौं त्यसलाइ हामी अझ सिंचाई नियमावली ल्याएर हामीले त्यसलाइ व्यवस्थित गर्ने छौं।मैले यहाँहरु सँग त्यो प्रतिवद्धता पनि व्यक्त गर्न चाहान्छु।यो सँगै हामीले जुन कतिपय दर्ता प्रकृया अथवा खारेजीको प्रकृयाको विषयवस्तु प्रश्न उठ्यो। खारेजी प्रकृयामा हामीलाइ लाग्छ दर्ता प्रकृया हामी सहज ढंगले गर्छौं।खारेजी पनि फेरी त्यही अनुसार अलि कसीलो ढंगले ल्याएनौ भने फेरी त्यसको संरक्षण अभावमा धेरै आयोजनाहरु अलपत्र पर्ने सम्भावना रहने कारणले गर्दा खेरी खारेजीको प्रकृयालाइ पनि त्यो संगसंगै अलि कडाइका साथ लैजान खोजेका छौं।यदी त्यो भएन भने उपभोक्ताहरुले के हुन्छ भने विचमा विवाद गर्ने अनि विचमै अलपत्र बनाएर त्यसलाइ छोडदिने खालको बन्यो भने राज्यले खर्च गर्ने अनि वालुवामा पानी हाले जस्तो बन्ने खालको खतरा बन्न सक्छ।त्यसो भएर हामी

किसानहरुलाइ फेरी एउटा कानूनी विधिमा ल्याएर अगाडी बढाउने ढंगले जान खोजेका छौं र उपभोक्ताहरुले त्यसलाइ निर्माण पनि गर्ने त्यसको संरक्षण गर्ने राज्यले लगानी गर्ने त्यसको फेरी उचित ढंगले त्यसको व्यवस्थापन गर्ने गरी हामीले काम गर्न खोजिराखेका छौं। अहिले जो अधिकृत भनेको व्यक्ति होइन त्यो संस्था हो। यो यहाँहरुले सायद बुझ्नु भएको छ। अधिकृत भन्ने बित्तिकै राज्यको एउटा निकाय हो। त्यो राज्यको निकायको प्रतिनिधि हो। त्यो राज्यको निकायको व्यक्तिगत रुपमा कसैले पनि काम गर्न पाउने अधिकार कहि छैन। त्यो संस्थागत रुपमा अधिकार ऐन कानूनलाइ टेकेर काम गर्ने अधिकार छ। त्यसो भएको कारणले हामीले ऐन ठिक बनाएका छौं भने त्यो अधिकार पनि त्यो अधिकृतले पनि प्रयोग गर्दा खेरी त्यो गलत हुनेछैन। यदी ऐन हामीले गलत बनाउँछौ भने त्यो अधिकृतले पनि त्यो अधिकारलाइ गलत ढंगले दुरुपयोग गर्ने खालको खतरा बन्न सक्छ त्यसो भएको कारणले ऐनलाइ मलाई जहाँसम्म लाग्छ। ऐनमा त्यो व्यवस्था भएको कारणले ऐन भन्दा विपरीत गएर कसैले त्यो गर्ने छुट पनि छैन त्यो कुरा म यहाँहरुलाइ विश्वास दिलाउन चाहान्छु र अन्त्यमा हामी यो ऐनले जुन हामीले अहिले विधेयक ल्याइराखेका छौं। यो विधेयकले बास्तवमा हाम्रो प्रदेशमा जो खेतियोग्य जमिनलाइ सिंचाइको उचित व्यवस्थापन गर्ने र बाह्रै महिना किसानले खेति लगाउन पाउने त्यो अधिकारको ग्यारेन्टि गर्न खोजिराखेका छौं र त्यसको उचित व्यवस्थापन गरेर हामीले बाह्रै महिना किसानले खेति लगाउन पाउने त्यो खालको वातावरण सृजना गर्ने गरेर यो मुलुकमा अत विशेष गरी हाम्रो प्रदेशलाइ कृषि प्रति आश्रीत जनता मात्र होइन। यो सवै देशलाइ नै महत्वपूर्ण भुमिका निर्वाह गर्न सक्ने गरी सिंचाइ व्यवस्थापन गर्ने गरी हामीले यो ऐन कार्यान्वयन गर्न पर्नेछ। हामी ऐन बनाउने कुरामा मात्र होइन हामि ऐन कार्यान्वयन गर्न कति गम्भिर बन्छौं भन्ने कुरा महत्वपूर्ण हुन्छ त्यसैले गर्दा खेरी हाम्रा अहिले सम्म उठेका विषयवस्तुहरु हामीले उठाइराखेका विषयवस्तुहरु हाम्रा ताल संरक्षित क्षेत्र अरु कतिपय नदी नहरका तटीय क्षेत्रहरु छन। यसका दाँया वाँया किनारका क्षेत्रहरु छन धेरै ठाँउमा अतिक्रमित भएका छन। त्यो अतिक्रमणलाइ रोक्नका निमित्त एउटा विधि प्रयोग गरेर हामी अगाडी बढ्दैछौं र त्यसो भएको कारणले मैले विशेष गरी त्यो अतिक्रमण भएका ठाँउमा हामी जनप्रतिनिधिहरु हामी राज्यका सम्पूर्ण निकायहरु अलि गम्भिर बनेर त्यसको संरक्षण तिर गएनौं भने सायद अघि

माननीय ज्यूहरुले उठाउनु भएको थियो। जहाँकी कतिपय ठाँउमा घर बन्दै जाने अनि त्यसपछाडी कुलो नहरहरुको माथि सडक बन्ने यस्तो खालको जुन समस्याहरु बनीराखेका छन हामीले नियन्त्रण गर्नका निमित्त हामी सवै एक ठाँउबाट एकसाथ हामी सवै जनप्रतिनिधिहरु एकाकार भएर एकताबद्ध भएर त्यसको नियन्त्रण गर्नका निमित्त लाग्नुपर्ने आवश्यकता छ मैले यो विषयप्रति सवै माननीय सभामुख ज्यू मार्फत माननीय ज्यूहरुमा विषय राख्दै आज यो ऐन प्रति जुन यहाँहरुले सूझाव पेश गरेर हामीलाई सहयोग गरिदिनु भयो।हाम्रो मन्त्रालयले यहाँहरु प्रति हार्दिक आभार व्यक्त गर्दै म आफ्नो भनाई टुङ्गाउन चाहान्छु। हस धन्यबाद,नमस्कार।

## माननीय सभामुख

माननीय सदस्यहरु, अव यो छलफल यही समाप्त हुन्छ।

## माननीय सभामुख

माननीय सदस्यहरु अव म उर्जा, जलश्रोत तथा खानेपानी मन्त्री माननीय श्री हरिशरण आचार्यलाई मिति २०७८ चैत्र ७ गते सभामा प्रस्तुत भई सामान्य छलफल समेत भएको गण्डकी प्रदेशको सिंचाई सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक दफावर छलफलको लागि विधायन समितिमा पठाइयोस भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु।

## उर्जा, जलश्रोत तथा खानेपानी मन्त्री माननीय श्री हरिशरण आचार्य

माननीय सभामुख ज्यू,माननीय सभामुख ज्यूको अनुमतिले सम्मानीत सभामा मिति २०७८ साल चैत्र ७ गते प्रस्तुत भई मिति २०७८ साल चैत्र ८ गते सभामा विचार गरियोस भन्ने प्रस्ताव प्रस्तुत भई सामान्य छलफल समेत भएको गण्डकी प्रदेशको सिंचाई सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभा नियमावली २०७४ को नियम १०८ को उपनियम १(ख) बमोजिम दफावर छलफलका लागि विधायन समितिमा पठाईयोस भनी प्रस्ताव प्रस्तुत गर्दछु।हरिशरण आचार्य उर्जा,जलश्रोत तथा खानेपानी मन्त्री २०७८/१२/८ धन्यबाद।

## माननीय सभामुख

अव म उक्त विधेयकलाई दफावर छलफलका लागि विधायन समितिमा पठाइयोस भन्ने प्रस्तावलाई निर्णायार्थ प्रस्तुत गर्दछु।यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले हुन्न

भन्नुहोला। यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले हुन्छ भन्नुहोस। यसको विपक्षमा हुने माननीय सदस्यले हुन्न भन्नुहोस। हुन्न भन्ने आवाज सुनिएन तसर्थ गण्डकी प्रदेशको सिंचाई सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक दफावर छलफलका लागि विधायन समितिमा पठाइयोस भन्ने प्रस्ताव सर्वसम्मतिले स्विकृती भएको घोषणा गर्दछु। विधेयकमा संसोधन पेश गर्न चाहनुहुने माननीय सदस्यहरुले गण्डकी प्रदेश प्रदेश सभा नियमावली नियम ११० बमोजिम ७२ घण्टा भित्र आँफुले पेश गर्न चाहेको संसोधन सहितको सूचना प्रदेश सभा सचिवालयमा पेश गर्न सक्नुहुनेछ। उक्त विधेयक संसोधनको समयावधी समाप्त भएपछी मात्र विधायन समितिमा छलफल प्रारम्भ हुने व्यहोरा जानकारी गराउँछु। माननीय सदस्यहरु अव म माननीय कानून सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री श्री विन्दु कुमार थापालाई गण्डकी प्रदेश तथा स्थानिय तह विच समन्वय कायम गर्न तथा विवाद समाधान गर्न बनेको विधेयक माथी छलफल गरियोस भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु।

## माननीय कानून सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री श्री विन्दु कुमार थापा

माननीय सभामुख महोदय, माननीय सभामुख ज्यूको अनुमतिले सम्मानित सभामा २०७८ साल चैत्र ७ गते सभामा प्रस्तुत भएको गण्डकी प्रदेश तथा स्थानीय तहविच समन्वय कायम गर्न तथा विवाद समाधान गर्न बनेको विधेयक प्रदेश सभा नियमावली २०७४ को नियम १०७ को उपनियम १ बमोजिम विधेयक माथी विचार गरियोस भनी प्रस्ताव प्रस्तुत गर्दछु। मिति २०७८/१२/०८ गते विन्दु कुमार थापा कानून सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री, धन्यबाद।

## माननीय उपसभामुख

अव म उक्त विधेयकलाई विचार गरियोस भनी प्रस्तावलाई निर्णायार्थ प्रस्तुत गर्दछु। यो प्रस्तावको पक्षमा हुने माननीय सदस्य ज्यूहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला। यो प्रस्तावको पक्षमा हुनी माननीय सदस्यहरुले हुन्छ भन्नुहोस। यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस। हुन्न भन्ने आवाज सुनिएन तसर्थ विधेयक माथी विचार गरियोस भन्ने प्रस्ताव सर्वसम्मतिले स्विकृत भएको घोषणा गर्दछु। माननीय सदस्यहरु अव गण्डकी प्रदेश

तथा स्थानीय तह विच समन्वय कायम गर्न तथा विवाद समाधान गर्न वनेको विधेयक माथीको सामान्य छलफल प्रारम्भ हुन्छ।यस छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा अनुरोध गर्दछु।छलफलमा भाग लिनु हुने माननीय सदस्यहरुको लागि १० मिनटको समय निर्धारण गरेको छु।निर्धारीत समय भित्र माननीय सदस्यहरुले आफ्नो भनाई राख्न अनुरोध गर्दछु।सर्वप्रथम माननीय सदस्य श्री धनञ्जय दवाडीलाइ छलफलान भाग लिन समय दिन्छु।

**माननीय सदस्य श्री धनञ्जय दवाडी**

सभामुख महोदय,गण्डकी प्रदेश तथा स्थानीय तहविच समन्वय कायम गर्न तथा विवाद समाधान गर्न वनेको विधेयक उपर सैद्धान्तिक छलफलका निमित्त उपस्थित भएको छु।हाम्रो संविधानमा हाम्रो संघियताको संरचना र स्वरुपहरु निर्धारण गरेको छ।तिन तहको शासन प्रणाली, तिन तहको सरकार र तिन तहको संसद। यो खालको मौलिकता अरु देशको शासन प्रणाली भन्दा फरक पृथक छ।यो फरक र पृथक संघियतामा भएका कारणले हामी सँग एकल अधिकारका सूचिहरु छन।साझा अधिकारका सूचिहरु छन।ति एकल अधिकारका सूचि साझा अधिकारका सूचिलाई हामीले प्रयोग गर्दा हामीले अभ्यास गर्दा हाम्रा विचमा विवाद शुरुवात शुरु हुन सक्ने र ति विवादको निप्टायारा गर्नुपर्ने दायित्व र जिम्मेवारी हामी सँग छ।यो संघिय सरकार,संघिय संसद,प्रदेश सरकार, प्रदेश संसद सँग छ।स्थानीय सरकार स्थानीय संसदसँग छ।यसकारणले यी सवै विवादहरुलाई निप्टायारा गर्नु उत्पन्न हुने विवादहरुको निप्टायारा गर्नु,संघीयताको सुदृढिकरण गर्नु र लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ गरेर सम्वृद नेपाल सुखि नेपाली बनाउने दायित्वमा अभिमुख हुनका निमीत्त  हामी हाम्रो संघीयतालाई हाम्रो प्रशासन प्रणालीलाई हाम्रो अभ्यासलाइ सहकारिता,सहअस्तित्व र समन्वयमा आधारित भएर सञ्चालान गर्छौं। संविधानले हामीलाई त्यो ढंगले मार्गनिर्देश गरेको छ, बाटो देखाएको छ।नेपालको संविधानको भाग २० को धारा २३१ देखि २३६ सम्म हामीलाई समन्वय र अन्तरसम्बन्धको मार्ग चित्र प्रष्ट छ। त्यसकै आधारमा रहेर हामीले सरकारहरु विचको सम्वन्ध र समन्वय कसरी गर्ने भन्ने मार्ग चित्रका बाटोहरु तय गर्नुपर्छ।यसरी तय गरिरहँदा हामीले हामीसँग संघीय ऐन पनि छ।२०७७मा आइसकेको २०७४मा आएको स्थानीय तह सञ्चालन ऐन पनि छ।यी दुइटै ऐनहरुमा अन्तरसम्वन्ध उल्लेख गरिएको छ।यो अन्तसम्वन्ध उल्लेख

भएको संघीय ऐनमा पनि स्थानीय ऐनमा पनि उल्लेखित छ। अव प्रदेशले प्रवेश गर्ने बाटो कहाँनेर बाट हो भन्ने कुरामा हामीले यो विधेयकमा छलफल गर्नुपर्छ।यो विधेयकबाट यो विधेयक मार्फत हामीले हाम्रो मार्गलाई हाम्रो बाटोलाइ अवलम्वन गर्नुपर्छ र विधेयकले उठाउन खोजेको राजनैतिक विवादको समन्वय गर्न र समाधान गर्न समन्वयमा समाधान गर्न राजनितिक विवादहरु उत्पन्न हुन्छन।हाम्रा विचमा राजनैतिक विवादहरु उत्पन्न हुन्छन ति विवादहरुको समन्वयमा समाधान गर्नुपर्छ भनेर विधेयकले प्रष्ट गर्न खोजेको छ र विवाद समाधानको प्रकृया र कार्यविधि पनि तोकेको छ।यो चाँही हाम्रो संविधानले प्रदेशलाई दिएको कार्यभार हो।संविधानले प्रदेशलाई दिएको कार्यभार दिउकाले यो प्रदेश संसदको कार्यभार हो। प्रदेश संसदको कार्यभार भएको कारणले सरकारले यो विधेयक बनाएर प्रस्तुत गरेको छ।त्यसकारणले यसमा हामी बृहत्तर रुपमा छलफल गर्नेछौं र सैद्धान्तिक निरुपण गर्दै हामीले आगामी दिनको बाटो तयार गर्छौं। हामीले सवै विवादहरुको समाधान प्रदेश कानून बमोजिम हुनेछ भनेपछी हाम्रो कानून स्थानीय तहसँग उत्पन्न हुन सक्ने सवै विवादहरु स्थानीय तह र स्थानीय तहको विचमा, स्थानीय तह र प्रदेशका विचमा हुनसक्ने यी विवादहरुमा प्रदेशले आफ्नो भुमिकालाई प्रभावकारी बनाउनु पर्दछ।तर त्यव प्रभावकारी भुमिकाका निमीत्त प्रदेशले नेतृत्वदायी ढंगले यो काम गर्न हाम्रो विधेयक हाम्रो कानून सवभन्दा धेरै प्रभावकारी वनाउनको लागि छलफल गर्नुपर्छ र विधेयकमा केहि चिजहरु प्रस्तावित छन। प्रदेश विषयगत समितिको प्रस्ताव छ।राजनैतिक विवाद सहित पैंचालिस दिनमा समाधान गर्नुपर्ने वाध्यात्मक व्यवस्था गर्याछ।पैंचालिस दिनमा राजनैतिक विवाद यदी पैंचालिस दिन भित्र पनि यो संसद विघटन भैगयो भने नयाँ संसद उपस्थित हुँदा उले त्येलाई पन्ध्र दिन भित्र निरुपण गर्नुपर्छ।यसकारणले राजनैतिक विवादमा समाधान गर्नका लागि प्रदेशको अहम भुमिका अगाडी राखेको कारणले गर्दा प्रदेश सरकार सवभन्दा वेसी गम्भिर र जिम्मेवार हुन जरुरी छ।प्रदेश संसद सवभन्दा वेसी गम्भिर हुन जरुरी छ।अलि हामीले बृहत्तर वृहंगम छलफल हामीले गर्न जरुरी होला।संवैधानिक अदालतको अधिकार क्षेत्रको वारेको विवाद भएका अरु विवादहरुमा चाँही हामी प्रवेश गर्न सक्छौं।संवैधानिक अदालतबाट निप्टायरा गरिनुपर्ने विषयहरु संवैधानिक अदालतमा जाने हो।नभए अरु सवै विवादहरुको निप्टायारा गर्नुपर्ने दायित्व र जिम्मेवारी प्रदेश सरकारको हो।संसदसँग प्रदेश कानून सँग प्रदेश सरकार सँग

छ। यसकारणले हामीले त्यो ढंगको उच्चस्तरिय भुमिका निर्वाह गर्नुपर्छ र यसमा चाँही राजनैतिक विवादको निरुपणका निमीत्त प्रदेश संसद, प्रदेशको सभामुखलाइ पनि निरुपण गर्न सभामुखलाइ अगाडी सारेको कारणले सिङ्गो प्रदेश संसदको गरिमाको विषय हो। कत्तिको योग्यतापूर्ण प्रदेश संसदले आँफुलाई प्रस्तुत गर्न सक्छ। हरेक विवादमा समाधानमा भन्ने कुरा उल्लेख गर्छ किनभने सभामुखको पनि भुमिका यहाँनेर उल्लेख गरिएको छ विधेयकमा। विशेष समिति प्रदेश सभाका सदस्यहरु मध्येको बाट सात सदस्यीय प्रदेश सभाका सदस्यबाट वनाइने भन्ने छ भने यो विशेष समिति गठन हुँदा सवै दलको प्रतिनिधीत्वलाई अनिवार्य गरेको छ। यो अनिवार्य सवै दलको अनिवार्य गर्ने संसदबाट यसको निर्माण गर्ने र सभामुखलाई जवाफदेही वनाउने भएका कारणले यो विधेयकले प्रदेश सभालाई सवै विवादहरुको छिनोफानो गर्नका लागि समाधान गर्नका लागि सवभन्दा वढी जिम्मेवार वनाएका कारणले प्रदेशका सवै माननीयहरुको समान दायित्व रहेको प्रष्ट पार्दछ। यो महत्वपूर्ण विषय हो भन्ने लाग्दछ। तर हामीसँग केही समस्याहरु पनि छन। राजनितिक विवाद जव हामी प्रवेश गरिसक्छौं दलहरु प्रवेश गरिसक्छौं। तल्ला तहहरुमा पालिकास्तरका विवादहरु हुन्छन। पालीका र प्रदेशका क्षेत्राधिकारका विवादहरु हुन्छन। श्रोतका परिचालनका सम्वन्धमा विवादहरु हुन्छन। सवै विवादका निमित्त हामी तटस्त वनेर विवादलाई समाधान गर्न सक्छौं की सक्दैनौं भन्ने प्रश्न गम्भिर रुपमा देखा पर्दछ। यो विषयमा हामीले छलफल गर्नुपर्ने हुन्छ। छलफलका विषयहरु छन। संविधानको भाग २० मा उल्लेखीत विषयमा संघीय ऐनले आफ्नो ऐन निर्माण गरिसकेको छ। त्यसो हो भने प्रदेशको दायित्व के हुने हो भन्ने विषयमा छलफल गरिनुपर्छ। हामीले अधिकांस ऐनहरुका सन्दर्भमा संघका ऐनहरुलाई कपी पेष्ट गर्यौं त्यही ढंगले प्रस्तुत गर्यौं त्यही ढंगले अगाडी बढ्यौं तर यहाँ त हाम्रै भुमिकाको खोजी गर्नुभएको छ। हाम्रै दायित्व निर्माण भएको छ। हाम्रो दायित्व सृजना गर्नुपर्ने छ र त्यो निश्चीत तोकिएका दिनमा हामीले समाधान गर्नुपर्नेछ। यसकारणले यो विषयमा हामीले थप छलफल वहशहरु गर्नुपर्छ र हामी पछिल्ला दिनमा छलफल र वहसहरुमा जानेछौं। संविधानको धारा २३५ को दुईमा उल्लेख भएको समन्वयलाई कसरी परिभाषा गर्ने हो। त्यसको परिभाषा चाहियो। कसरी समन्वय गर्ने को कोस्को विचमा समन्वय गर्ने दुइटा इकाइका विचमा विवाद भइरहँदा दुइटा स्थानीय तह विच विवाद भइरहँदा त्यहाँ समन्वयको

भुमिका समन्वय भन्ने चिजको परिभाषा हामीले कसरी व्यवस्थीत गर्छौं भने समन्वयका सूचि चाँही के के हुन उकल सूचि छ।साझा सूचि छ। त्यो हाम्रो अधिकारको सूचि हुन।त्यसो भए समन्वयका सूचि के हुन यो विधेयकलाइ सम्वृद्ध गरेर विधेयक पास गर्ने बेलासम्म हामीले निप्टाएर गर्नुपर्छ।कुन कुन सूचिहरुमा चाँही स्थानीय पालीका कुन कुन कुनमा प्रदेशको कहाँ हामी सँगै छौं फरक छौं कहाँ हाम्रा दृष्टिकोण साझा रुपमा अगाडी बढाउने हो या एकल रुपमा अगाडी बढाउने हो भन्ने कुरा हामीले राख्न जरुरी छ।राजनैतिक विवाद के हो र विवादलाइ कसरी टुङ्गाउने भन्ने भित्र प्रवेश गर्न जरुरी छ।धारा १३७ २ को विवाद वाहेक सवै विवाद चाँही कार्यविधि कसरी तयार गर्ने कार्यविधि पनि हामीले तयार गर्नुपर्छ।यसरी समाधानका लागि विधेयकले विषयगत समिति बाहेक अन्य हुनसक्छ वा सक्दैन विशेष समिति प्रस्तुत गर्याछ।अरु हुनसक्छ वा सक्दैन सभा भित्रबाट मात्र की बाहिरबाट पनि सहयोग लिने यसका वारेमा हामीले छलफल गरेर यो विधेयकलाइ सम्वृद्ध वनाउनु पर्दछ भन्ने लाग्छ यसकारणले समयमा नै यो हाम्रो पहिलो गण्डकी प्रदेश सभा हो।यति वेला नै यो विधेयक ल्याएर सरकारले चाँही आँफुले गण्डकी प्रदेश सभालाई यसको भुमिकालाई संविधानले दिएको अधिकार प्रयोग गर्ने ढंगले प्रस्तुत गर्याछ।यसका निमीत्त सरकारलाई धन्यवाद दिदै आफ्ना भनाई टुङ्गाउँछु, धन्यबाद।

## माननीय उपसभामुख

अव म माननीय सदस्य श्री ललितकला गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु।

## माननीय सदस्य श्री ललितकला गुरुङ

माननीय सभामुख महोदय,कानून सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री माननीय विन्दु कुमार थापा द्वारा पेश गण्डकी प्रदेश तथा स्थानीय तहविच समन्वय कायम गर्न तथा विवाद समाधान गर्न वनेको विधेयक सैद्धान्तिक छलफलको क्रममा छौं।यो संविधानत स्थानीय तह,प्रदेश,गाँउपालीका, नगरपालीका जस्तै दुई वा दुई भन्दा वढी स्थानीय तह वीचको जस्तै सिमा, धार्मिक,साँस्कृतिक नदी नाला वन जंगल जस्ता थुप्रै समस्याहरु आउने गरेका छन र मैले यसलाई धन्यै दुई वर्ष पहिला यही सदनमा उठाए जस्तो लाग्छ।जस्तै यहाँ मलाई उदाहरण पनि दिन्छु

यहाँ पर्वत र स्याङ्गजाको विचमा एउटा दोभान जस्तै शालिग्राम शिला भन्ने छ।त्यहाँ हामीले पर्यटन गन्तव्य छुटाउदै गर्दा हामीले पर्वतको लिष्टमा पनि छ विगत सरकारले हाम्रो माननीय विकास लम्साल ज्यू हुनुहहुन्थ्यो त्यहाँ वन पर्यटन मन्त्री हुदै गर्दा त्यहाँ पैसा छुटयाउनु पर्यो मैले पहिला पनि पैसा राखेको छु भनेर भन्नु भयो अनि मैले यो विवादीत छ स्याङ्गजाले हाम्रो भन्छ हामी पर्वतले हाम्रो भन्छौं अनि यसलाई कसो गर्ने यसलाई नगरौं भन्दा हैन पर्वतले चाँही हामी हेरीराछौं अहिले पनि हामीले पर्वतमै छौं भन्छै तर सीमाको हिसाबले जग्गाको हिसाबले स्याङ्गजामा छ।अव त्यसलाइ कसरी गर्ने यस्ता कुराहरु छन र यो ढिलै भएपनि यो विधेयक आएको छ।म सरकारलाई धन्यबाद दिन चाहान्छु।र यस्ता धार्मिक र गौरवका विषयहरु जति छन यसले गर्दा आलि विवादहरु आउने गर्छन र यल्लाइ चाँही छिट्टै बाहिर निक्सीरहेको छैन र यस्तो कुरामा कुरा गर्दै गर्दा अहिले भन्ने गरेका छन स्थानीय तह जस्तै पालीका नगरपालीकाका प्रमुखहरु अहिले त प्रदेश सरकारको त कामै रहेनछ भन्छन अनि फेरी संघीय सरकारले फेरी यस्तै कुरा गरिरहेको छ।अनी कोइस्चनहरु उठ्ने गरेका छन।संविधानले आवश्यक ठानेर संविधानले व्यवस्था गरेर वनेको यो तिन तहको सरकार हामीले अहिले आज आएर यो विधेयक बन्दै गर्दा हामीलाई आँफुलाइ कुन तहमा राख्ने र आफ्नो भुमिकालाइ कत्तिको महत्वपूर्ण बनाउने भन्ने हाम्रो प्रमुख दायित्व पनी छ त्यसकारणले गर्दा सम्पूर्ण सरोकार र माननीयज्यूहरुसँग मेरो यो पनि अनुरोध छ।आज टेबुल भएको पेश भएको यो विधेयक विशेष छलफलका साथ अगाडी वढ्छ र उत्कृष्ट विधेयक बनाउन हामी लाग्छौं भन्ने मेरो अनुरोध पनि छ।यसमा थुप्रै प्राकृतिक नीतिगत थुप्रै थुप्रै विषयहरु छन यहाँ भित्र हामी चाँही धेरै घुलिएर घोत्लिएर जानु पर्ने पनि छ।किन धेरै विद्वान माननीयहरु हुनुहुन्छ। हामी सरोकारवालाहरु सँग पनि छलफल गर्नुपर्ने हुन्छ किन भने छोटो समयमा हामीले धेरै कुरा गर्न पनि सक्दैनौं र समय लिएर हामीले चाँही धेरै वहस र छलफलका साथ पछि कुरा नउठ्ने गरी हामीले यस विधेयकलाई लैजानु पर्छ भन्दै मेरो आफ्नो भनाई राख्दै मन्त्रीज्यूले यो विधेयक ल्याउनु भएको छ। म सरकारलाई,मन्त्रीज्यूलाइ धन्यबाद दिदै आफ्ना भनाई अन्त्य गर्न चाहान्छु। धन्यबाद,जय नेपाल।

## माननीय उपसभामुख

माननीय सदस्य श्री विनोद के.सी. लाई छलफलमा भाग लिन समय दिन्छु।

## माननीय सदस्य श्री विनोद के.सी.

माननीय सभामुख महोदय, गण्डकी प्रदेश सरकारको कानून सञ्चार तथा प्रदेश मामीला मन्त्रीज्यूले यो गण्डकी प्रदेश तथा स्थानीय तह बिचको समन्वय कायम गर्न वनेको विधेयक सम्मानित सदनमा प्रस्तुत गर्नु भएको छ।यो विधेयकको सर्वप्रथम म हार्दिक स्वागत गर्न चाहान्छु र समर्थन पनि गर्न चाहान्छु किनभने यो हामीले साढे चार वर्षको अवधी भयो हामीले यो संघीयता जुन कार्यान्वयन गर्ने पक्षमा गयौं र यो कार्यान्वयन गर्ने पक्षमा हामीलाई पहिला कुरा थाहा थिएनकी यो व्यवस्था कसरी अगाडी बढ्छ।यो व्यवस्थालाई कसरी हामीले जनताको पक्षमा काम गर्ने वातावरण बनाउँछौं भन्ने कुराहरु एउटा संविधानले एउटा कल्पना गरेर हामी अगाडी बढ्यौं।तर काम गर्दै गर्दा तिन तहका सरकार विचमा विशेष स्थानीय तह र प्रदेश सरकार विचमा केही त्यस्ता काम कुराहरु,कर्तव्य,अधिकारहरुमा केही त्यस्ता कुराहरु बाँझिन सक्ने र काम गर्न असहज हुने हामीहरुले महसुस गर्यौं।हामीले यो साढे चार वर्ष भित्रमा हामीले यी कुराहरु महशुस गर्यौं।यो ऐन ल्याउनुपर्ने अति आवश्यकता हामी माननीयको ठाँउबाट हामीले यो अनुभुति गरेको र त्यसैको वावजुत यो सरकारले यो विधेयक आज प्रस्तुत गरको छ।पक्कै पनि अव आउने आगामी दिनहरुमा यो विधेयक जव कार्यान्वयनमा जान्छ।हामी दुइ तहका सरकार विच भएका त्यस्ता असमझदारीहरुलाई यसले हल गर्ने तिर पक्कै पनि राम्रो बन्छ भन्ने मलाई लाग्छ।विशेष गरी विधेयकमा यो दफावर छलफलमा त पछी हेरेर छलफल गरौंला तर मैले यति मात्र भन्न के चाहान्छु भने यो विधेयकले वास्तवमा यो व्यवस्थालाइ यो प्रणालीलाइ नै एउटा चाँही मजवुत वनाउने जनताको पक्षमा काम गर्ने एउटा सहज वनाउछ भने अझ विशेष गरी यो विधेयकले दूइ तहका सरकार विचको अन्तर सम्वन्धका कुराहरु जुन सहअस्तित्वका कुराहरु जुन खालको काम गर्ने सहकार्यका कुराहरुलाइ अझ राम्रो सँग बढाउँछ भन्ने विश्वास मैले लिएको छु।हामीहरुले काम गर्दै गर्दा अगाडी बढ्दै गर्दा देखिराखेका छौं विकासका काम गर्दै गर्दा कहि प्रदेश सरकारका योजनाहरु हामीले विनीयोजित गर्छौं त्यहाँ हामी जाने त सवै एकै ठाँउमा सवै एउटै जन प्रतिनिधी सभाबाट प्रतिनिधित्व गरेका हौं।तर हामी विकासका कार्यक्रमहरु कुनै कार्यक्रम लिएर जाँदै गर्दा बाझीने कुनै कुरा स्थानीय तह र प्रदेश तहका योजनाहरु बाझीने कहिं डुप्लीकेशन हुने र त्यो योजनालाइ कार्यन्वयन गरेर अनुगमन गर्ने कुराहरुमा दुइ

तहको भुमिका नदेखिने विभीन्न कारणले कतिपय काम गर्न धेरै अप्ठायारो भएको हुन त संघीय कानूनले जिल्ला समन्वय समिति जो तिन तहका सरकारका कुनै त्यस्ता कामहरुलाइ कार्यन्वयन गर्न जिल्ला समन्वय समिति त बनाएको छ। तर त्यो जिल्ला समन्वय समिति विशेष गरी कस्तो खालको देखियो भने त्यसलाई कुनै कामलाई अनुगमन त गर्ने निर्णय गर्ने अथवा त्यसको कानूनी कुनै अधिकार प्रत्यायोजन नगरेका कारणले त्यसले खासै त्यस्तो भूमिका दिन नसकेको हामीले अनुभव गरेका छौं र यो स्थानीय तह र गण्डकी प्रदेशको समन्वय जो खालको यो विधेयक ल्याएको छ त्यसले अधिकार सहितको एउटा जुन खालको विधेयक बनाँउदैछ यो राम्रो सँग कार्यान्वयनमा पक्कै ल्याउँछ। हामीले देखेकै छौं स्थानीय तह विचमा विभीन्न खालका अप्ठायारा र बाधाहरु पर्दै गर्दा खेरी हामीले अव सिंचाईकै कुरा गयौं। ठूलो नहर योजना सिंचाईको कार्यक्रम प्रदेश सरकारले लिएर गयो भने त्यो एउटा गाँउपालिका श्रोतको मुहान हुन्छ भने त्यो कार्यान्वयनको तहले अर्को गाँउपालीका हुन सक्छ। त्यहाँ वित्तिय अम्दानीको क्षेत्र हुन्छ अर्को गाँउपालीकाले त्यो गाँउपालीकालाई नदिने खालका  खानेपानीका कुराहरु अरु अन्य कुराहरुको श्रोत उक ठाँउमा हुने उपयोग अर्को ठाँउमा हुने कार्यन्वयन अर्को सरकारले गर्नुपर्ने यस्तो खालको विभीन्न खालका झमेलाहरु विभीन्न खालका अप्ठायाराहरु धेरै देखिएको अनुभुति गरेका छौं। त्यस्ता झमेला त्यस्ता विवादहरुलाई समाधान गर्नलाई गण्डकी प्रदेश सरकारको यो विशेष गरी यो कानून तथा सञ्चार मन्त्रालयले यो विषयलाइ राम्रो गरी वोध गरी यो विधेयक ल्याएको छ। यो विधेयक धेरै नै महत्वपूर्ण हुनेछ यो विधेयकमा म लगायत मेरो दलले पूर्ण समर्थन गर्दै आगामी दिनमा  विधेयकका दफावर छलफलमा उचित छलफलमा भाग लिदै दफावरमा कुनै सुझाव रहे दिने आफ्नो विश्वास व्यक्त गर्दै मेरो भनाई अन्त्य गर्दछु। धन्यबाद।

## माननीय उपसभामुख

माननीय सदस्य श्री धनमाया लामा पोखरेल लामा लाई छलफलमा भाग लिन समय दिन्छु।

## माननीय सदस्य श्री धनमाया पोखरेल लामा

माननीय सभामुख महोदय, नेपाल संघीय शासन प्रणालीमा गइसके पश्चात संघ, प्रदेश र स्थानीय तह गरी तिन तहका सरकारहरु सञ्चालनमा छन। विशेष गरी स्थानीय तहको एक कार्यकाल सकिनै लाग्दा गण्डकी प्रदेश सरकारले जुन गण्डकी प्रदेश तथा स्थानीय तह विच समन्वय कायम गर्न तथा विवाद समाधान गर्न वनेको विधेयक प्रदेश सभा समक्ष प्रस्तुत गरेको छ। ढिलै भएपनि यो विधेयक प्रस्तुत गर्नु भएकोमा माननीय मन्त्री ज्यूलाई हार्दिक धन्यबाद व्यक्त गर्न चाहन्छु।हाम्रो संविधानले के परिकल्पना गरेको छ भने संघ,प्रदेश र स्थानीय तह वीचको सम्वन्ध सहकारीता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारीत हुनेछ भनेको छ। सिद्धान्त त संविधानले यसरी व्याख्या गरेको छ र नेपाल संघीय शासन व्यवस्थामा प्रवेश गरिसके पछाडी हामीले विधेयक,ऐन र नियमावलीहरु नबनाइकन पनि हामीले प्रदेश सभा सञ्चालन संघीयताको यो शुरुवाती चरण भएको कारणले सञ्चालन गरिरहँदा हामीले व्यवहारिक रुपमा यि विषयवस्तुहरुलाई व्यवहारमा कार्यन्वयन गर्दै यो संघीयतालाई मजवुत र वलियो बनाउन हामी संघ प्रदेश र स्थानीय तह गरी तिनै तहको सरकार चाँही हातेमालो गर्दै हामी यहाँसम्म आइपुगेका छौं।माननीय सभामुख महोदय,हाम्रो संविधानले के निर्दीष्ट गरेको छ भने राज्य शक्तिको बाँडफाँडको विषयलाई पनि संघ,प्रदेश र स्थानीय तहको अधिकार सूचिलाई छट्टै छुट्टै व्यवस्था गरेको छ र खास गरी संघ, प्रदेश र स्थानीय तह गरी तिन तहको अधिकार सूचिहरु छ। यो साझा अधिकार सूचिहरु विशेष गरी हामीले संघीयता आइसके पछाडी संविधानमा व्यवस्था भएको जुन एकल अधिकार सूचि भित्रको अधिकारहरुलाइ पनि प्रयोग गर्न सकिरहेका छैनौं।साझा अधिकार क्षेत्रका विषयवस्तुहरु अतिनै धेरै विवादीत हुने र यस्तै नियम कानून र ऐनहरु नबन्दा चाँही हाम्रो संघीयता चाँही कतै ढुलमुल ढुलमुल भैरहेको आम नागरीकले महशुस गरेको अवस्था हो राज्यशक्तिको सहि ढंगले बाँडफाँड हुन सकिराखेको छैन हामीले भन्ने गरेको जुन अधिकार क्षेत्र संघ,प्रदेश र स्थानीय तहले पाउनुपर्ने अधिकार क्षेत्र हो।त्यो हिजो संविधान निर्माण गर्ने अवस्थामा पनि त्यो अधुरो छ भनी राखेका छौं हामीले। हामीले अहिले हेर्न सक्छौं प्रहरी प्रशासन विनाको सरकार के सरकार? हाम्रो प्रदेशको एकल अधिकार सूचि भित्र चाँही जुन प्रदेश प्रहरीको व्यवस्था गरेको छ।गण्डकी प्रदेश सरकार सञ्चालनमा आएको पाँच बर्ष लगभग पुग्न लागिसक्यो। दुइटा सरकारले यो नेतृत्व लिइसकेको अवस्था छ।खोई त हाम्रो प्रदेश प्रहरी?

अहिले हेर्ने हो भने संघीयताको मूल मर्म र मुटु भनेको हाम्रो आफ्नै पुलिस प्रशासन सहितको हाम्रो शासन प्रणाली हो। यो मर्मलाइ हाम्रो गण्डकी प्रदेश सरकारले मर्म बोध गरेर व्यवहारमा ल्याउन नसकेको अवस्था छ।खास गरी अहिले हेर्ने हो भने स्थानीय तह अझ पावरफुल भएको अवस्था छ किनभने मैले एक दुइ दिन अगाडी एउटा स्थानीय तहको अन्तर क्रियामा गएको थियो ।त्यहाँ हेर्दा खेरी मैले के देखे भने आफ्नो नगर प्रहरीहरु त्यहाँ आफ्नो पोशाक सहितको आफ्नो ड्युटीमा रहेको अवस्था छ। हामीले ठूला ठूला संघीयताको कुरा गर्यौं, ठूलो ठूलो परिवर्तनको कुरा गर्यौं तर यहाँ गण्डकी प्रदेश सरकारले छाती फुलाएर भन्न सक्ने अवस्था छ की छैन। हामी पुलिस प्रशासन सहित मजवुत संघीयता सहितको हामी चाँही मजवुत खालको सरकार हो की होइन हाम्रो उपस्थिती के हो हामी के मन्त्री, सांसद बनेर जनतालाइ भ्रम छर्ने मात्रै हामीले भ्रम छर्ने संघीयताको लागी लडेका थियौं।यो पक्कै पनि गण्डकी प्रदेश सरकारलाइ मेरो प्रश्न छ।यसलाइ समाधानको विषयतिर लैजान पर्ने पनि अहिले नेतृत्व गर्नु भएको मूख्यमन्त्री ज्युलाइ म विशेष अनुरोध गर्न चाहान्छु।विशेष गरी हाम्रो यो विधेयकले राजनैतिक समस्या समाधानको विषयलाई उठान गरेको छ। यो चार वर्ष पाँच वर्षको अवधिमा अहिले त स्थानीय तहको चुनाव पनि एकदम नजिक आइसकेको छ।यो अवधिमा थुप्रै खालको समस्याहरु सँग झेल्दै स्थानीय सरकार भनेकै जनप्रतिनिधिहरुको एकदमै नजिकको सरकार हो।थुप्रै खालको समस्याहरुको समाधान गर्ने देखि लिएर जनताको सेवा पुर्ति गर्नका निमीत्त स्थानीय सरकार मजवुत ढंगले अघि वढी रहेको अवस्था छ।स्थानीय तहहरुमा दुइ वा दुइ भन्दा बढी स्थानीय तहहरु विच कंही सिमा विवादको कारण वोलचाल वन्द भएको पानी पधेरो वन्द भएको अवस्था छ। यो खालको समस्या समाधान गर्नको निमीत्त यो विधेयक पास भेसकेपछी केहि हद सम्म हल हुन्छ होला भन्ने मैले अपेक्षा गरेको छु र प्रदेश सरकार द्वारा विनीयोजित भएका जुन वजेटहरु छन। हामीले चारवटा बजेट ल्याइसक्यौं र त्यसको परिणाम के कति छ भन्ने कुरा त जनताले सरलक्कै देखिसकेको अवस्था छ।यो संघ प्रदेश र स्थानीय तह त स्वायत्त हो भन्ने हामी संघ प्रदेश र स्थानीय तह स्वायत्त भनीरहँदा हामी सोतह स्फुर्त हुन सक्दैनौं।हामी एक अर्कामा सहकार्य, समन्वय, सहअस्तित्वको भुमिकामा अगाडी बढ्न पर्ने हाम्रो सिद्धान्त त त्यो छ तर व्यवहारमा हुन सकिराखेको अवस्था छैन।प्रदेश सरकार द्वारा विनीयोजन भएको

बजेटहरु सानातिना विवादहरुको कारणले त्यो बजेट फ्रिज हुने अवस्था आइरहेको छ। यसलाई आगामी दिनमा यो ऐनले सहयोग गर्छ होला भन्ने मैले विश्वास लिएको छु र प्राकृतिक श्रोतको उपयोग र त्यसको लाभको बाँडफाँड सहि ढंगले हुन नसक्दा थुप्रै खालको समस्याहरु उत्पन्न भएको छ। जस्तै संघ,प्रदेश,स्थानीय तहको साझा अधिकार क्षेत्र भित्र प्राकृतिक श्रोतको उपयोग र त्यसको लाभको बाँडफाँड भन्ने साझा अधिकार क्षेत्र र सूचि क्षेत्र भित्र छ। यसलाइ हामीले सहि ढंगले उपयोग गर्न नसक्दा साझा अधिकार भित्र भएको अधिकार क्षेत्रहरुको समन्वय गर्न नसक्दा अहिले प्राकृतिक श्रोतको दोहन हुने अवस्था छ। जुन भयभह अवस्था छ। जस्तै नदीजन्य वस्तुहरुको उत्खनन चाँही एकदम विकृत ढंगले भैरहेको छ। प्रकृति प्रतिको दोहन अग्र गतिमा नकरात्मक हिसाबले अगाडी बढीरहेको छ। यो सवै खालको समस्याहरुको समाधान गर्नको निमीत्त यो विधेयकले महत्वपूर्ण भूमिका खेलोस भन्ने मेरो शुभकामना छ र खासगरी यो विधेयकमा समन्वय परिषदको परिकल्पना गरिएको छ। यो समन्वय परिषद सर्वदलीय हिसाबले हुन्छ। त्यहाँ विषयगत समितिहरु हुन्छ भनीएको छ र यसको नेतृत्व खास गरी मैले संघको हेर्दा त्यसको कार्यकारी भूमिकामा प्रधानमन्त्री भन्ने छ यो विवाद समाधान समितिको तर हाम्रो यहाँ सम्वन्धित मन्त्री भनेको छ। सम्वन्धित मन्त्री भन्दा हाम्रो बाह्र वटा मन्त्रालयहरु छ। यसमा प्रष्ट आफ्नो कार्यक्षेत्र क्षेत्राधिकार यसले खुलाउन नसकेको हुँदा हामीले यसलाइ विधायन समितिमा वृहत रुपमा छलफल गरेर हुन्छ। अथवा संसोधन मार्फत अझ यसलाइ प्रष्ट गरेर जान सक्यौं भने अझ हाम्रो जुन संघ, प्रदेश,स्थानीय तहको समन्वयको परिकल्पना सहितको यो विधेयक आएको छ। यसलाई हामीले व्यवस्थित गर्न सक्छौं होला भन्ने चाँही मलाई आशा एवंम विश्वास लागेको छ र यसलाई हामीले विधायन समितिबाट अझ व्यवस्थित गरेर हामीले यसलाई कार्यन्वयनमा लैजाँदा सम्ममा अझ उत्कृष्ट बनाउन सक्छौं भन्ने मलाई पूर्ण विश्वास लागेको छ। हवस त धन्यबाद।

## माननीय उपसभामुख

माननीय सदस्य श्री प्यारी थापालाई छलफलमा भाग लिन समय दिन्छु।

## माननीय सदस्य श्री प्यारी थापा

माननीय सभामुख महोदय,यति वेला हामी गण्डकी प्रदेश तथा स्थानीय तह विच समन्वय कायम गर्न तथा विवाद समाधान गर्न वनेको विधेयक उपर सैद्धान्तिक छलफलको क्रममा छौं र यसको मार्गदर्शन हामीले जुन खालको पक्षधरहरुले संघीयताको मार्गदर्शनको रुपमा समन्वय, सहअस्तित्व र सहकार्यका साथ तिन तहका सरकारको परिकल्पना गरेर त्यही अनुरुप अहिले व्यवहारत अहिले अगाडी बढीरहेको अवस्था छ।यो समन्वय,सहअस्तित्व र सहकार्य मूख्य रुपमा यहिनेर पनि समस्या छ जस्तो लाग्छ समन्वयको अभाव छ।सहकार्य,सहअस्तित्व र एउटाले अर्काको अस्तित्व स्विकार गर्न नसक्ने अवस्था अहिले पनि विद्यमान छ।यो खालको अवस्था सहकार्यको त झन कुरै नगरौं।यस्तो खालको परिस्थितीमा यो मोडलमा संघीयता सफल हुने कुरा कत्तिको जायज कुरा होलान भन्ने कुरा पनि राख्न चाहान्छु।हुनत मैले के चाहान्छु भने हामीले लिएको जुन संघीयता प्रतिको हामीले लिएको धारणा छ त्यो असफल होस के त्यो विफल होस किनभने यहाहरुको त्यो पक्षधरहरुको यस्तो खालको क्रियाकलापले त्यो हाम्रो विचार विफल होसन त भन्ने हामीलाई लागिराखेको छ।किनभने यो खालको समस्याका कारणले गर्दा खेरी जुन खालको अहिले स्थानीय तह, प्रदेश सरकार र केन्द्रिय सरकारको जुन अहिले हामीले उपस्थिती हामीले देख्छौं।त्यो उपस्थिती अहिले तिन तहको सरकार तिन तिर मुख गराएर हिंडेको छ। एउटा खोरिया खन्नु पर्ने छ त्यो खोरिया कसरी खन्ने भन्ने विषयमा त्यो खालको सही समाधान अहिले आउन सकेको छैन।खोरिया खन्ने खोरिया उठेर खन्ने हो की बसेर खन्ने हो की सुतेर खन्ने हो की भन्ने विषयहरु प्रष्ट रुपमा आउन नसकेको कारणले गर्दा खेरी त्यो अधिकार क्षेत्र पर्याप्त रुपमा नहुनाका कारणले गर्दाखेरी यस्ता खालका समस्याहरु आएका छन र यो समस्याहरुलाई केही हदसम्म समाधान गर्नका निमित्त यो विधेयक सफल हुनेछ भन्ने विश्वास मैले लिएको छु र यो विधेयकमा महत्वपूर्ण यसको मर्म यसको गुदी भनेकै राजनैतिक विवादहरु समाधान गर्न भनेर ल्याइएको छ तर त्यो राजनैतिक विवादहरु भनिएका राजनैतिक विवाद कस्तो प्रकारका हुने के हुने र हामीले काम गर्ने कसरी गर्ने विषयहरु अलि प्रष्ट रुपमा आएको छैन। विधेयकमा त्यो खालको प्रष्ट रुपमा त्यो विधेयकमा आएको भए कुन स्पष्टीकरणको रुपमा आएको छ।त्यो स्पष्टीकरणले मात्र पर्याप्त भएन किनभने मूल कुरो नै त्यही हो।चुरो कुरो नै त्यही हो भने त्यसलाई चाँही अलिकति त्यसलाइ परिभाषित रुपमा अलिकति यसलाई

ल्याउँदा खेरी राम्रो हुने थियो मैले यसलाई सुझाव दिन चाहन्छु।एउटा कुरा संघले प्रदेश सरकार प्रति निरीह बन्ने अनि प्रदेश स्थानीय तह प्रति निरीह बन्दै जाने हो भने यो विकासको मोडेलले अलि सही ट्राइक लिन सक्दैन।त्यसकारणले गर्दाखेरी यो सहि ट्र्याक ल्याउनका लागि यो विधेयकले एउटा सम्वन्ध सेतुको रुपमा काम गर्नेछ भन्ने कुराहरु मैले विश्वास लिएको छु र अर्को कुरा जल, जमिन र जंगलको उपयोग गर्ने विषयहरु अत्यन्तै यो विषय हेर्दा खेरी हामीलाई यो उपयोग गरेर स्थानीय सरकार, प्रदेश सरकार र केन्द्र सरकारले आर्थिक सम्वृद्धिको कुरा र यहाँका जनजिविकाहरुलाई समाधान गर्ने कुरा त आएको छ तर पनि जल जमिन र जंगललाइ उपयोग गर्ने कुराहरुमा धेरै खालको विवादहरु सृजना भएको छ।अहिले पनि हामीले देखिरहेका छौं कसले कति उपयोग गर्ने कसको कार्यक्षेत्र भित्र कति जल जंगल जमिन पर्ने भन्ने विषयहरु पनि अहिले प्रष्टरुपमा आएको छैन। यी कारणले गर्दा पनि ठूला विवादहरु सृजना भएका छन।ति विवादहरुलाई निरुपण गर्नका लागि पनि यो विधेयकले एउटा महत्वपूर्ण भुमिका निर्वाह गर्नेछ भन्ने कुराहरु पनि मैले राख्न चाहान्छु।अर्को प्रदेश सरकारले लगानी गरेका योजनाहरुमा स्थानीय सरकारले अपनत्व ग्रहण गर्न सकिरहेका छैनन।यो समन्वयकै अभावको कारणले गर्दा खेरी अपनत्व ग्रहण गरिरहेका छैनन र त्यो अपनत्व ग्रहण नगर्दाखेरी त्यो विकासका योजनाहरु सफलीभुत रुपमा त्यो कार्यन्वयन हुन सकिरहेको अवस्था छैन।त्यहाँनेर जुन खालको योजना हामीले निर्माण गरिरहेका छौं।त्यो कार्यन्वयन गरेका छौं।कार्यन्वयन गरेका योजनाहरुलाई त्यहीको सरकारले अथवा हामीले गर्ने काम भनेको स्थानीय तहमा नै हो।प्रदेश सरकारले काम गर्ने भनेको स्थानीय तहमा नै हो।स्थानीय तहकै जनप्रतिनिधिहरु त्यो प्रति विमुख हुने र त्यसलाइ वेवास्ता गर्ने हो भने त्यसको संरक्षण सहि रपमा हुन सक्दैन।त्यसको दिगो रुपमा संरक्षण हुन सक्दैन। त्यसकारण त्यसलाइ दिगो रुपमा संरक्षण गर्ने कुरा त्यसलाई अपनत्व लिने कुरा त्यसलाई स्वामित्व लिने कुराहरुमा यी विधेयकहरुले पनि त्यही विषयहरुलाई एउटा प्रष्ट रुपमा राखेको भए अझ राम्रो हुने थियो यि विषयहरु पनि रहेका छन र अर्को जुन खालको हामीले प्रदेशको विकासमा अर्थात यो देशको विकासको सम्वृद्धिमा तिन तहकै सरकारहरुले म म भन्ने खालको कुराहरु छ म म भन्ने पाखुरा सुर्काउने जस्तै केन्द्र सरकारले प्रदेश सरकारलाई दिने कुरामा मुठि कस्ने र प्रदेश सरकारले स्थानीय तहलाई दिने कुराहरुमा मुठी कस्ने र म म भनेर

पाखुरा सुर्काउने जस्ता कृयाकलाप गर्दै जाने हो भने वास्तवमा भन्ने हो भने संघीयताको असफलताको बाटोहरु छन ति अझ प्रष्ट रुपमा आएको अनुभुति हुन्छ। त्यसकारणले गर्दा खेरी मैले पहिलानै भनेको छु के हामीले दीएको संघीयता प्रति दिएको जो विचार छ। त्यो विचारलाई असफल पार्ने गरीकन यहाँहरुले त्यो खालको कामहरु अगाडी बढाएर तपाईहरुले पक्षधरहरुले चाहेको संघीयतालाई एउटा वलियो वनाउने कुरामा यहाँहरुको विशेष पहल हुनेछ र यो विधेयकमा हाम्रो सैद्धान्तिक सहमति रहेको विषयहरु यहाहरुमा जानकारी गराउँदै मेरो आफ्नो छोटो भनाई अन्त्य गर्दछु। धन्यबाद।

## माननीय उपसभामुख

माननीय सदस्यहरु अव म माननीय कानून सञ्चार तथा प्रदेश सभा मामीला मन्त्री श्री विन्दु कुमार थापालाई छलफलका क्रममा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु।

## माननीय कानून सञ्चार तथा प्रदेश सभा मामीला मन्त्री श्री विन्दु कुमार थापा

सभामुख महोदय,आज हामी गण्डकी प्रदेश तथा स्थानीय तह विच समन्वय कायम गर्न तथा विवाद समाधान गर्न वनेको विधेयक उपर यो सैद्धान्तिक छलफलमा जुटेका छौं र यो छलफलमा विद्वान माननीयज्यूहरुबाट धेरै महत्वपूर्ण सुझावहरु र आफ्नो धारणाहरु आइसकेको छ। यसमा माननीयज्यूहरु पाँच जना विद्वान माननीय ज्यूहरुबाट आ-आफ्नो धारणा आएको म यहाँ राख्न चाहान्छु। उहाँहरु सवैलाई म प्रदेश सरकारको तर्फबाट हार्दिक आभार र धन्यबाद दिन चाहान्छु। यस्ता किसीमका सकरात्मक सुझावहरुले यो विधेयकलाई अझ परिमार्जित गरेर थप आकर्षक बनाएर ल्याउनको लागी र सरकारलाई पनि यो प्रदेश सरकारको औचित्य पुष्टी गर्नको लागि पनि अझ वलियो मद्यत पुग्छ भन्ने मैले अपेक्षा राखेको छु। विशेष गरेर हाम्रो नेपालको संविधानको धारा २३५ को दुई र तिनले प्रदेश, गाँउपालीका र नगरपालीका विच समन्वय गरेर अगाडी बढ्ने संवैधानीक व्यवस्था छ र त्यसरी समन्वय गरेर अगाडी बढीरहँदा खेरी राजनैतिक विवाद उत्पन्न भएको खण्डमा त्येल्लाइ प्रदेश, गाँउपालीका, नगरपालीका र जिल्ला समन्वय समिति सँग समन्वय गरेर विवादलाई समाधान गर्नको लागी प्रदेश कानून बमोजिम हुनेछ भनेर त्यो

व्यवस्था भए बमोजिम यो विधेयक ल्याइएको कुरा म यहाँ जानकारी गराउन चाहान्छु। विधेयकमा धेरै राम्रा पक्षहरु छन। यसमा विशेष गरेर प्रदेश विषयगत समितिको व्यवस्था यसले गरेको छ। यसमा सम्वन्धित क्षेत्र हेर्ने मन्त्री अध्यक्ष रहने गरेर व्यवस्था गरेको छ। त्यस्तै गरे विशेष समिति गठनको पनि अवधारणा विधेयकले ल्याएको छ। त्यसमा सात सदस्यीय रहेको छ र यसमा सवै दलको प्रतिनिधित्व हुने गरेर विशेष समितिको अवधारणा पनि ल्याएको छ र विशेष समितिले त्यस्तै खालको विवादहरु सृजना भएको खण्डमा विशेषज्ञ समूह पनि गठन गर्न सक्ने विभीन्न कानूनी खालका कुराहरु आएमा अथवा कहीं प्राविधिक समस्या देखिएमा त्यस्तो प्राविधिक व्यक्ति अथवा कानूनी व्यक्ति राखेर पनि यो तिन सदस्यीय अलिकति समावेशी तरिकाले ३ सदस्यीय विशेषज्ञ समुह गठन गर्ने पनि परिकल्पना यो विधेयकले राखेको छ र त्यस्तै गरेर दुइटा पालीका विच विवाद उत्पन्न भएमा र त्यो पालीकाहरुले प्रदेशलाई अनुरोध गरेको खण्डमा त्यो राजनैतिक विवादलाई समाधान गर्नको लागी पनि प्रदेशले त्यो कार्य पनि अगाडी वढ्ने भन्ने खालको विधेयकमा सरकारले राखेको कुरा म यहाँ जानकारी गराउन चाहान्छु र एउटा दूइटा अलिकति सुझावहरु पनि आएका छन। विशेष गरेर यो मन्त्री नै अध्यक्ष रहने विषयमा अलिकती सम्वन्धित विधेयकमा प्रष्ट नै लेखेको छ। यसमा प्रदेश सरकारको सम्वन्धित विषयको कार्यक्षेत्रको जिम्मेवारी रहेको मन्त्री भनीएको छ। यो प्रदेश विषयगत समितिमा त्यो कुराहरु राखिएको छ र त्यस्तै गरेर अनि यो राजनैतिक विवाद भनेर खास यसको विधेयकमा राजनैतिक रुपमा विवाद सृजना भएको खण्डमा त्यसलाई एउटा समन्वय गरेर समन्वय र सहअस्तित्वको आधारबाट यसलाइ आवश्यक पर्दा खेरी जिल्ला समन्वय समितिको पनि समन्वयमा यसलाइ विवाद समाधान गर्ने भनिएको छ। यसपछी यो सैद्धान्तिक छलफल पछि यसलाई हामीले विधायन समितिमा लगेर त्यहाँ अझै व्यापक रुपमा हामीहरु त्यहाँ सवै पार्टीको पनि विधायन समितिमा उपस्थिती भएको हुँदाखेरी माननीय ज्यूहरुको थप यसलाइ परिभाषीत गर्ने कुरा जस्तो यो राजनैतिक विवाद भनेको के हो? यसलाइ अझ थप प्रष्टाउन पर्छ भन्ने खालको कुराहरु पनि आइराखेका छन र प्रदेशको योजना र स्थानीय सरकारले प्रदेशको योजनालाइ स्थानीय सरकारले अलिकति ग्रहण नगरेको हो की केही असहयोग गरेको हो की ? भन्ने खालका कुराहरु पनि वेला वेलामा देखिइ राखेको अवस्थामा त्यस्तो

कुराहरुलाइ पनि यो विधेयक आइसकेपछी अझ थप प्रष्ट भएर त्यसले मूर्त रुप लिनेछ भन्ने मलाइ लाग्छ र अन्त्यमा विद्वान माननीय ज्युहरुले जुन खालको विधेयकको सैद्धान्तिक छलफलमा छलफल माथी जे जती आफ्ना धारणाहरु,सूझाबहरु राखु भएको छ म उहाँहरु प्रति प्रदेश सरकारको तर्फबाट हार्दिक आभार व्यक्त गर्न चाहन्छु।धन्यबाद दिन चाहान्छु र यसपछी यो विधायन समितमा बृहत रुपमा छलफल गरेर दफावर छलफल गरेर फेरी यहि सम्मानीत सभामा आउने भएको हुँदाखेरी त्यतिखेर यो विधेयकलाइ थप परिस्कृत र थप परिमार्जित गरेर आउने नै छ भन्ने कुराको विश्वासको साथ मेरो आफ्नो भनाई यही टुङ्गाउँछु। धन्यबाद, नमस्कार।

## माननीय उपसभामुख

माननीय सदस्यहरु अब यो छलफल यही समाप्त हून्छ।माननीय सदस्यहरु, अब म माननीय कानून सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री श्री विन्दु कुमार थापालाइ मिति २०७८ चेत्र ७ गते सभामा प्रस्तुत भई सामान्य छलफल समेत भएको गण्डकी प्रदेश तथा स्थानीय तह विच समन्वय कायम गर्न तथा विवाद समाधान गर्न बनेको विधेयक दफावर छलफलको लागी विधायन समितिमा पठाइयोस भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु।

## माननीय कानून सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री श्री विन्दु कुमार थापा

माननीय सभामुख महोदय,माननीय सभामुख ज्यूको अनुमतिले सम्मानित सभामा मिति २०७८ साल चैत्र ७ गते प्रस्तुत भई सामान्य छलफल समेत भएको गण्डकी प्रदेश तथा स्थानीय तह विच समन्वय कायम गर्न तथा विवाद समाधान गर्न वनेको विधेयक प्रदेश सभा नियमावली २०७४ को नियम १०८ को उपनियम १ख वमोजिम दफावर छलफलका लागी विधायन समितिमा पठाइयोस भनी प्रस्ताव प्रस्तुत गर्दछु।मिती २०७८/१२/०८ विन्दु कुमार थापा- कानून सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री।धन्यबाद।

## माननीय सभामुख

अब म उक्त विधेयकलाई दफावर छलफलका लागि विधायन समितिमा पठाइयोस भन्ने प्रस्तावलाई निर्णायार्थ प्रस्तुत गर्दछु।यो प्रस्तावको पक्षमा हुने माननीय

सदस्यहरुले हुन्छ भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला। यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस। यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस। हुन्न भन्ने आवाज सुनिएन तसर्थ गण्डकी प्रदेश तथा स्थानीय तह विच समन्वय कायम गर्न तथा विवाद समाधान कायम गर्न वनेको विधेयक दफावर छलफलका लागि विधायन समितिमा पठाइयोस भन्ने प्रस्ताव सर्वसम्मतिले स्विकृत भएको घोषणा गर्दछु। विधेयकमा संसोधन पेश गर्न चाहानु हुने माननीय सदस्यहरुले गण्डकी प्रदेश प्रदेश सभा नियमावलीको नियम ११० बमोजिम वहत्तर घण्टा भित्र आँफुले पेश गर्न चाहेको संसोधन सहितको सूचना प्रदेश सभा सचिवालयमा पेश गर्न सक्नुहुनेछ। उक्त विधेयक संसोधनको समयावधी समाप्त भएपछी मात्र विधायन समितिमा छलफल प्रारम्भ हुने व्यहोरा जानकारी गराउँछु। माननीय सदस्यहरु,अव यो बैठक मिति २०७८ साल चैत्र २१ गते दिनको १.०० वजे सम्मको लागि स्थगित हुन्छ।

# कार्यवाहीको सम्पूर्ण विवरण
# मितिः- २०७८/११/२६

समय-१घण्टा १० मीनट पछीको

सम्वोधन

## माननीय सदस्य श्री पृथ्वी सुव्वा गुरुङ

अव आउने मूख्यमन्त्री ज्यूले के बोल्नु होला नेपाली काँग्रेसको तर्फबाट त्यो त पछी सून्न पाइएला।हैन? त्यसकारणले मैले के भन्छु भने हामीले जुन आव यो नवौं अधिवेशन शुरु भएछ।म सवै सँग आग्रह गर्न चाहान्छु।नेपाली काँग्रेस पार्टि, नेकपा माओवादी केन्द्र,जनता समाजवादी पार्टि,राष्ट्रिय जनमोर्चा यहाँत राष्ट्रिय जनमोर्चाको तर्फबाट सदनमा उपस्थित हुनुहुन्छ।नेकपा मसाल नै हो त्यो,भिक्षा माग्ने सङलो रुपमा जान लजाएर जोगीको भेषमा आएको।त्यो नेकपा मसाल नै हो नी।राष्ट्रिय जनमोर्चा भनेको त्यही रुप हो के।यस्तो संरचनाको बारेमा हामीले अटचालीसमा लमो डिवेड गरेको हो नेकपा एमाले भित्र।यो वाहीयात कुरा हो।टाउको जमिनमुनी गाडेर खुट्टा देखाएर मेरो शरीर छ भन्ने कुरा कति अवैज्ञानीक कुरा हुन्छ।कति अव्यवहारीक कुरा हुन्छ।त्यो अव्यवहारीक कुरा गरीराखेका छौं हैन? त्यसकारणले म सवै सँग अनुरोध गर्न चाहान्छु।सफल व्यक्ति त्यो हो। सफल पार्टि त्यो हो।सफल नेता त्यो हो।जसले आफ्नो सवै वरिपरीको जनताहरुलाई आशावादीतामा आफ्नो पछाडी हिंडाउन सक्छ।आशा जोगाउन सक्छ, भरोसा जगाउन सक्छ, विश्वास जगाउन सक्छ।त्यो पार्टि साँच्चैनै जनताको पार्टि हो।त्यो पार्टि सफल पार्टि हो।त्यो व्यक्ति सफल व्यक्ति हो।अहिले त सवैको नेता गण्डकी प्रदेशको मुख्यमन्त्री माननीय कृष्णचन्द्र नेपाली।उहाँले आशा जगाउन पर्छ।गण्डकी प्रदेशमा उहाँको सरकारले विश्वास जगाउन पर्छ जनतामा। अव हाम्रो विकास हुने भयो।हाम्रो सम्वृद्धि हुने भयो। यो संघिय शासन प्रणालीको कारणले प्रदेशमा मूख्यमन्त्री पायौं।प्रदेशमा गण्डकी प्रदेश सरकार पायौं।यो कुनै दुई चार जना राजनैतिक कार्यकर्तालाइ जागीर दिन आएको सरकार होइन यो।यव त जनताको सेवा गर्न आएको हो।जनतालाइ शान्ति सुव्यवस्था गर्न आएको हो।जनताको मौलिक अधिकार माननीय ज्यूले भने जस्तै ३१-३२ वटा जो हाम्रो संविधानमा उल्लेखित छन ती मौलिक अधिकारको प्रत्याभुति,त्यसको व्यवहारत

क्रियान्वयन यो सरकारले गरेर देखाउन पर्छ। अनि हाम्रो संघिय शासन प्रणाली प्रति विश्वास जागेर आउँछ। संघीय शासन प्रणाली प्रति प्रश्न उठाउने राजनवादीहरु,प्रश्न उठाउने निरंकुशतावादीहरु,यहाँ प्रश्न उठाउने हिन्दुवादीहरुलाइ हामीले जवाफ दिनुपर्नेहुन्छ की हामीले गरेको व्यवस्था साँच्चै नै राम्रो व्यवस्था हो। यो व्यवस्था जनताको व्यवस्था हो। यो व्यवस्थाको अहिलेनै विकल्प खोजेर भौतारिदै हिड्नु पर्दैन भनेर हामीले जवाफ दिन सक्नुपर्छ। त्यो भएर हामीले जवाफ दिन सकेका छैनौं। त्यसकारण जनताहरु निराश छन। जनताहरु निराश हुनु भनेको यो व्यवस्था माथी प्रश्न उठ्ने कुरा हो। जनताको विश्वास भत्कने कुरा हो। हामीले भनेका छैं मौलिक अधिकारको कुरा के भनेका छौं। मौलिक अधिकारके कुरा हामीले के भनेका छौं भने शुद्ध पिउने पानी धेरै परको कुरा हो होइन। आधारभुत खानेपानी पिउने जनताको मौलिक अधिकारको कुरा हो भन्न त हामी स्वच्छ पिउने पानी भनेका छौं। आधारभुत खानेपानी पिउनेको प्रवन्ध सरकारको दायित्व हो जनताको मौलिक अधिकार हो भने आधारभुत खानेपानीको प्रवन्ध गण्डकी प्रदेश सरकारको अघिल्लो सरकारले गरेको काम आज बजेटै कटौती गरेर के सन्देश दिन खोजेको हो। यो सरकार मौलिक हक विरोधी छ भन्ने दसिन खोजेको हो। जनताको मौलिक हकले के भन्छ। जनताले घर घरमा पानी पाउनु पर्छ भन्छ। त्यसैले गण्डकी प्रदेश सरकारले यो भन्दा अघिल्लो सरकारले के गर्यो। एक घर एक धाराको अभियान हामीले शुरु गर्यौं। संघिय सरकारले पनि गरेको थिएन यो अभियान हामीले यहाँबाट शुरु गरेको हो। हामी सवैले शुरु गरेको हो यव हाम्रो गौरवको विषय हो।